# सिपाही

पाक्षिक

रक्षा सम्मान कल्याण आफ्नो देश नेपालको
सर्वप्रथम सदा जान धर्म कर्म सिपाहीको
सुविस्ता मान हेरचाह गर्न पछि विशेषतः
अधीनस्थ रही बस्ने सारका सुख खातिर
रक्षा आनन्द आराम आफ्नो निम्ति सधैंपछि
यही सेना महामन्त्र यही सत्य सधैं भरी

वर्ष ४ | अङ्क १८ | पृष्ठ ८ (श्री राष्ट्रियसेवा दल, श्री नारायणदल गण अतिरिक्ताङ्कसहित ) | १५ वैशाख २०६६


# राष्ट्रियताप्रतिको निष्ठाको ज्वलन्त उदाहरण

## जनताको जीउ धन सुरक्षा गर्ने सिलसिलामा १३ जना सैनिकहरुलाई वीरगति प्राप्त

## सरकारद्वारा बहादुरीको उच्च मूल्याङ्कन गर्दै शहीदको सम्मान












### भयानक विप्लवको यथार्थ

- आगो लागेको ईलाका एकदमै सुख्खा
- भिरालो जमिन
- हावाको तेज गति
- खोँच
- हावाकै गतिमा चौतर्फी आगोको लप्का र भुमरीबाट घेरीनु
- समूह समूहभई आगो नियन्त्रणमा खट्टिएकोले अर्को समूहले थाहा नपाउनु
- वाटर प्वाईन्ट नहुनु
- आगो निभाउँदा लगाउने सुट नहुनु
- आगो निभाउँने रसायन वा ग्याँस नहुनु

रामेछाप जिल्लामा तैनाथ रहेको श्री जंग गण हे.क्वा. बाट करीब १ की.मी. पूर्व दक्षिणमा अवस्थित जिल्ला अस्पतालको नजिकैको जंगलमा यही बैशाख १० गतेको करीब १२३० बजे आगलागी भएको थियो । उक्त आगलागीबाट अस्पताललाई जोगाउन सो गणबाट उप सेनानी श्री मधुसुधन रिमालको कमाण्डमा गएको १/९९ नफ्रिको अग्नि नियन्त्रक टोली दिउसो १ बजे घटनास्थल पुगी आगो नियन्त्रण गर्न शुरु गरेको थियो । उक्त आगलागीले विकराल रुप लिएपछि दिउँसो साढे एक बजे सेनानी श्री श्यामसुन्दर सापकोटाको कमाण्डमा १/२० को थप नफ्रि आगो नियन्त्रणमा खट्टिएको थियो । दुवै टोलीको अथक प्रयासमा साढे ३ बजेसम्ममा अस्पताल परिसरतर्फ आउँदै गरेको आगलागीलाई पूर्ण नियन्त्रणमा लिई जिल्ला अस्पताल, त्यहाँ



प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवाल अन्तिम सम्मान प्रकट गर्नु हुँदै ।

उपचाररत विरामी, कर्मचारी तथा अस्पतालको भौतिक संरचना जोगाउन सफल भयो ।

अस्पताल क्षेत्रतर्फ आउदै गरेको आगोलाई सो टोलीले नियन्त्रणमा लिएतापनि जंगल क्षेत्रतर्फ भने डढेलो अझै बढ्दै गएपछि थप धनजन तथा प्राकृतिक सम्पदाको संरक्षण गर्न उक्त टोलीलाई समूह समूहमा विभाजन गरी डढेलो निभाउन लगाइएको थियो । अत्यन्त सुख्खा जंगल तथा मौसम, भिरालो जमीन, हावाको तेज गतिको कारण नियन्त्रक टोली खोँचमा फसेको अवस्थामा आएको आगोको लप्कासहितको भूमरीमा परि श्रीजंग गणका १२ जना र सो गणमा विल्लादार क्याडर तेस्रा ग्रेड तालिममा सरिक भएका श्री रुद्रध्वज गणका १ जना सहित १३ जना सैनिकले वीरगति प्राप्त गर्नुभयो ।

### सिक्नु पर्ने पाठ

- आगलागि भएको स्थानको भूगोल/अवस्था
- जंगल अथवा आगलागिको प्रकृति
- मौसम/सिजन
- हावाको गति
- सुरक्षाको उपाय
- कमाण्ड कन्ट्रोल
- आगलागि नियन्त्रणका आधुनिक उपकरणहरुको व्यवस्था तथा उपलब्धता
- नियन्त्रणमा संलग्न फौज वा व्यक्तिको सुरक्षाको लागि मिलापको साधनसहितको अब्जरभर वा दुर नियन्त्रक व्यक्ति खटाईनु पर्ने
- भौतिक क्षति र जीवनको मूल्यको लेखाजोखा
- आगलागि नियन्त्रणमा रहँदा लगातार पूर्वानुमान (Anticipation)

### सहादतको उपलब्धि

- अद्वितीय निष्ठाको ज्वलन्त उदाहरण
- जिल्ला अस्पताल बचाउन सफल
- प्राकृतिक सम्पदाको संरक्षण
- थप धनजनको क्षति हुनबाट बचावट

सो घटनाका सम्बन्धमा सैनिक जनसम्पर्क निर्देशनालयले प्रेश विज्ञप्ति जारी गरी समवेदना प्रकट गरेको छ । उक्त विज्ञप्ति अनुसार रामेछाप जिल्लाको सदरमुकामबाट करिव १ की.मी. पश्चिमतर्फ रहेको श्रीखानडाँडा इलाकामा अवस्थित जिल्ला अस्पतालको दक्षिण पूर्वदिशाबाट अचानक लागेको आगलागीलाई नियन्त्रण तथा उद्धार गर्नको लागी नेपाली सेनाको स्थानीय

बाँकी पृष्ठ ८ मा

### बहादुर सैनिकहरुको सरकारद्वारा उच्च मूल्याङ्कन

- वीरगति प्राप्त १३ जना सैनिकहरुको बहादुरीको उच्च मूल्याङ्कन गर्दै नेपाल सरकारद्वारा शहीदको सम्मान ।
- उहाँहरुको सन्ततिलाई १२ कक्षासम्मको नि:शुल्क शिक्षा प्रदान गरिने ।
- आश्रित परिवारलाई १० लाख रुपैया प्रदान गरिने ।
- परिवारको १ जना सदस्यलाई स्थानीयस्तरको रोजगारीमा प्राथमिकता दिइने ।

**प्रबन्ध निर्देशक :** म.से. ताराबहादुर कार्की
**प्रधान सम्पादक :** प्रा.म.से. किरणबाबु थापा
**सम्पादक :** प्रा. सेनानी केशव बर्तौला, **सह-सम्पादक :** प्रा. उ.से. निरोज भण्डारी
**प्रकाशक :** श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,
**फोन :** ४२४१७३१, **E-mail:-** sipahipatrika@gmail.com
*१५ वैशाख २०६६/28th April 2009.*

## शाश्वत वाणी

एक्लै भएपनि आफ्नो तर्कमा अडिने मान्छे महान् शक्तिशाली हो । - ईब्सन

शक्तिको अधिकतम प्रयोग कहिल्यै गर्नु हुँदैंन । - सेनिका

आत्मविश्वास जति ठूलो हतियार अरु छैन । - बजीर

**सम्पादकीय........**

# सतर्कता

सतर्कको शाब्दिक अर्थ तर्कपूर्ण, युक्तियुक्त वा जोगिएर रहने, सचेत वा सावधानी हो । जीवनका प्रत्येक पाइलामा सावधानी अपनाइएन वा सचेत भइएन भने धेरै वा थोरै केही न केही दुःख व्यहोर्नु पर्ने हुन्छ। कार्यको प्रकृति हेरी ज्यानै गुमाउनु पर्नेजस्तो अत्यन्तै ठूलो जोखिमसमेत व्यहोर्नु पर्दछ । मानव बाहेक प्रकृतिकै मात्र कुरा गर्ने हो भने पनि केही प्रकृतिविद्हरु प्रकृति निष्ठुर भएकीले जोगिनुपर्छ भन्छन् ।

मानवद्वारा घटाईने वा घटिने घट्नाहरु त झन अधिक प्रतिशत नै जोखिम हुन्छन् । किनकी मानवले सोचि-सम्झी विवेक र बुद्धि लगाएरै घट्ना घटाउने भएकोले प्रकृतिसँग भन्दा मानवसँग झनै सतर्कताको आवश्यक पर्दछ ।

सैनिक दृष्टिले बुद्धि विवेकसहितको सतर्कताको ठूलो मूल्य हुन्छ। सतर्कपूर्ण व्यवहार सैनिकको अपरिहार्य र कहिल्यै बिर्सन नहुने गुण हो। सैनिक तालिमको सुरुवात सतर्कबाटै सुरु हुनु र सतर्कबाट अन्य काशन गरिनु सतर्कप्रतिको प्राथमिकता हो । सतर्कमा सैनिकले आदेशलाई सुन्छ, पालन गर्छ र आदेशप्रति सचेत रहन्छ ।

सैनिकहरुले गर्ने कार्य मुख्यतया अरु सामान्य मानिसले आट गर्न नसक्ने खालको असामान्य हुन्छ। त्यसैले सेनाले गर्ने प्रत्येक कार्य केही न केही मात्रामा जोखिमयुक्त हुन्छ नै । जोखिम व्यहोर्न शारीरिक, मानसिक क्षमता, साहस, कर्मप्रतिको निष्ठासहित सीपयुक्त हुनु पर्दछ । सँगसँगै जोखिम व्यहोर्न बुद्धि, विवेक र गरिने कार्यको मूल्याङ्कनसहित कार्य थालनी गरेपछि लगातार पूर्वानुमान (Anticipation) गर्दै अगाडि बढ्नु पर्छ । कार्यको प्रकृति हेरी जिम्मेवारी निर्वाह गर्ने प्रविधि तथा उपकरण पनि त्यतिकै रुपमा उपलब्ध हुनुपर्छ ।

रामेछापमा भएको घट्नाले सतर्कताप्रतिको सङ्केतसँगै समस्त नेपाली सेनालाई मर्माहत तुल्याएको छ । विनाश भएको जंगललाई ब्युँताउन सकिन्छ तर हाम्रा ति होनहार, बहादुर तथा महान पराक्रमी सहकर्मीहरुलाई केही गरेपनि ब्युँताउन सकिदैन् । "सिपाही" यहि कुरा सम्झी-सम्झी उहाँहरुको उच्च सम्मान गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछ। साथै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दै धैर्यधारणका निम्ति परमेश्वरसँग प्रार्थना गर्दछ ।

## दिमाग खियाउनुहोस्

उत्तर पृष्ठ ७ मा

१. कुनै उत्सवमा तपाईको घरमा उपस्थित भएका ४० जना पाहुनाहरुको लागि दक्षिणा दिने काम तपाईलाई खटाएको छ। यदि पुरुषको लागि रु ५, महिलाको लागि रु १ र केटाकेटीहरुको लागि २५ पैसा प्रतिव्यक्ति दिदा रु ४० नै सकिन्छ भने त्यहाँ उपस्थित भएका पुरुष, महिला र केटाकेटीको सख्या पत्ता लगाउनुहोस् ।

२. शारदासँग केही मिठाईहरु थिए । यदि उनको नजिकै रहेका केही बच्चाहरुको लागि बरावर बाँड्ने बाँड्ने क्रममा २/२ बटाको दरले ३ बटा वढी हुन आउँछ र ३/३ बटाको दरले दिदा ३ बटा नै पुग्दैन भने उनी नजिक भएको बच्चा र मिठाईको संख्या पत्ता लगाउनुहोस् ।

३. ४५ लाई यसरी चार भाग गर्नुहोस् जसमा पहिलो भागमा २ थप्दा, दोस्रो भागमा २ घटाउँदा तेस्रो भागमा भागमा २ ले गुणन गर्दा र चौथो भागलाई २ ले भाग गर्दा सवैको उत्तर बरावर अर्थात् एउटै संख्या आउँछ ।

## तपाईको स्वास्थ्य

# क्षयरोग

क्षयरोग भनेको माइक्रोव्याक्टेरियम ट्युबर क्युलोसिस नामको सूक्ष्म कीटाणुबाट हुने सरुवा रोग हो । यो रोग खोक्दा, हाच्छियुँ गर्दा हावाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । क्षयरोग दुई किसिमको हुन्छ ।

१) फोक्सोमा लाग्ने क्षयरोग
२) फोक्सोबाहेक शरीरको अन्य भागमा लाग्ने

**क्षयरोग कसरी सर्दछ ?**

फोक्सोको क्षयरोगीले खोक्दा, हाच्छियुँ गर्दा क्षयरोगका कीटाणुहरु बाहिर निस्की हावामा रहेका हुन्छन् । निरोगी मानिसले स्वास लिँदा हावाको माध्यमबाट फोक्सोमा पुग्दछन् र क्षयरोग सर्न सक्छ तर फोक्सोमा कीटाणु पुगेका सबै मानिसहरुमा भने क्षयरोग देखा नपर्न सक्छ। फोक्सोको क्षयरोगीले रोग सार्ने सम्भावना धेरै हुन्छ । त्यसैले यस्ता बिरामीहरुले चिन्ह र लक्षणहरु देखिनासाथ समयमै जचाई उपचार गराउनु पर्दछ। क्षयरोग लागेको हो/होइन निश्चित गर्नको लागि बिरामीको खकार ३ पटक जाँच गराउनुपर्दछ । क्षयरोगी पशुहरु (गाई,भैंसी)को दूध नउमालेर पिउँदा पनि क्षयरोग सर्दछ ।

**क्षयरोगका मुख्य चिन्ह र लक्षण**

- २ हप्ता वा सो भन्दा बढी समयसम्म लगातार खोकी लाग्नु
- खकारमा रगत देखा पर्नु
- साँझपख हल्का ज्वरो आउनु
- खाना खान मन नलाग्नु
- वजन घट्नु
- कमजोर हुदै जानु
- छाती दुख्नु

**क्षयरोगको शंका लागेमा के गर्ने :**

- नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्ने
- स्वास्थ्य कार्यकर्ताको सल्लाहअनुसार ३ पटकसम्म खकार जँचाउने ।
- क्षयरोगको निदान भएमा नियमित रुपमा स्वास्थ्यकर्मीको सल्लाहअनुसार नबिराइकन पूरा मात्रामा औषधि सेवन गर्ने ।
- डट्स (प्रत्यक्ष निगरानीमा गरिने उपचार) प्रविधिबाट पूरा मात्रामा औषधि सेवन गरेमा क्षयरोग निको हुन्छ ।

**क्षयरोग लाग्नबाट कसरी वच्ने ?**

बच्चा जन्मनासाथ बि.सि.जी. खोप एकपटक लगाउनुपर्छ ।

समुदायमा रहेका क्षयरोगीहरु बेलैमा पत्ता लगाई स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा पूरा मात्रा र अवधिसम्म औषधी खुवाएमा क्षयरोग फैलनबाट रोक्न सकिन्छ ।

**क्षयरोगबारे थाहा पाउनै पर्ने महत्वपूर्ण कुराहरु**

१) प्रत्यक्ष निगरानीमा नियमित औषधी उपचार बाट क्षयरोग पूरै निको हुन्छ ।
२) नियमित र पूरा मात्राम औषधी नखाई बीचबीचमा औषधि खान छोड्दा यो रोग निको हुदैन ।
३) बिरामीले उपचार शुरु गरेको ५ महिनासम्म र उपचारको अन्तिम महिनामा स्वास्थ्य कार्यकर्ताको सल्लाहअनुसार खकार जचाइरहनुपर्दछ ।
४) क्षयरोग सरुवा रोग भएकोले क्षयरोग हुने घरका परिवारका सदस्यहरुको साथै क्षयरोगीको सम्पर्कमा रहेका सबै मानिसको स्वास्थ्यका साथै खकार परीक्षण गर्नु अति आवश्यक छ ।
५) गर्भावस्था तथा सुत्केरी अवस्थामा पनि स्वास्थ्यकर्मीको सल्लाहअनुसार क्षयरोगको औषधि प्रयोग गर्दा कुनै हानी हुँदैन ।

## तपाईको राशी

***- मु.प.सु. शिवशंकर न्यौपाने***

*सिपाही पाक्षिकलाई समयसापेक्ष परिमार्जन गर्दै लैजाने उद्देश्य अनुरुप पाठकको रुची र आग्रह बमोजिम यस अंङ्कदेखि पाक्षिक राशिफल प्रकाशन शुरु गरिएको छ । -सं.*

**मेष:** यो पक्ष तपाईको लागि मध्यम खालको समय रहने छ । बोलीको प्रभाव राम्रो पर्नेछ । जागिरमा प्रवेश गर्ने र जागिरेको पदोन्नति हुने बलियो सम्भावना छ । पढाइ लेखाइमा भने त्यति मन जाने देखिन्न । घरपरिवारको मायाबाट अलि पर बस्नु पर्ला । आम्दानी अचानक हुनेछ । कामको क्रममा नियमितता नरहला । पारिवारिक एंव वैवाहिक सम्बन्धमा रमाईलो अनुभव होला ।

**बृष:** बडो सोच पुऱ्याएर काम गर्नुहोला, आफन्तहरुबाट सोचेजति सहयोग मिल्ने देखिन्न । योजनाबद्ध तरिकाले काम गर्न कठीन होला । आम्दानी अप्रत्याशितरुपमा होला । परिवार एवं इष्टमित्रहरुको माध्यमबाट केही काम बन्नेछ । झुटको प्रगति हुने देखिन्न ।

**मिथुन:** बोल्दा बडो विचार पुऱ्याएर बोल्नु होला । टाउको दुख्ने, शरीरमा कुनै चोटपटक लाग्ने र प्रेसर सम्बन्धि कुनै रोग देखिन सक्छ । आँखामा केही पीडा हुन सक्छ । खानपिनमा सावधानी अपनाउनु उपयुक्त हुनेछ । धेरै काम थालनी गरेपनि थोरै काममा मात्रै सफलता मिल्ला । विपरित लिङ्गीबाट हरेक काममा सहयोग मिल्ने देखिन्छ ।

**कर्कट:** त्यति राम्रो समय छैन । शारीरिक एवं मानसिक चिन्ता आउन सक्ने देखिन्छ । टाउको दुख्ने तथा आँखामा केही रोग लाग्न सक्ला । बडो सचेततापूर्वक काम गर्नु पर्ने देखिन्छ । बोल्दा संयमता अपनाउनु पर्ने देखिन्छ । परिवारमा खटपट आउन सक्ला । सोचेको काममा अवरोध आउन सक्ला ।

**सिंह:** मध्यम खालको समय छ । जागिरतर्फ राम्रो हुनेछ । पदोन्नति एवं सुखद् यात्राको पनि योग छ । हरेक काममा एउटा न एउटा शत्रुले पीडा दिन सक्छ । धार्मिक एवं सामाजिक काममा रुचि बढ्ने छ । आफन्तहरुबाट सोचेजति सहयोग दिने देखिन्न । मेवा, मिठान्न तथा वस्तु आदि उपहार प्राप्त हुनेछ ।

**कन्या:** पढाइ लेखाइमा बढी रुचि जाग्ला । प्राविधिक एवं व्यवहारिक ज्ञान हासिल गर्ने अवसर मिल्नेछ । देश विदेश यात्राको योग बनेको छ । आस्था र विश्वासपूर्ण तरिकाले गरेका हरेक काममा सफलता मिल्ला । आफन्तहरुबाट पनि राम्रै सहयोग मिल्ला । निराश हुनुपर्ने देखिन्न ।

**तुला:** ठीकैको समय छ । व्यापार व्यवसायतर्फ रुचि बढ्ला । घरपरिवारबाट टाढा रहेर आफ्नो जीवन निर्वाह गर्नुपर्ला । शैक्षिक प्रगति गर्ने समय पनि यही हो । नयाँनयाँ योजना र कामको अवसर आउने छ । प्रेम र वैवाहिक पक्षलाई राम्रै मान्न सकिन्छ । ढुक्क भएर काम गर्दा लाभ नै होला । उपहार एवं मानसम्मान प्राप्त नहोला भन्न सकिन्न ।

**वृश्चिक:** घरपरिवार एवं भाइबन्धुहरुसँग खटपट हुनसक्छ । आफ्नो परिश्रमको फल अर्कोले खान सक्छ । सामाजिक एवं धार्मिक काममा समय खर्च होला । जागिरेहरुको लागि उपयुक्त समय आएको छ । विश्वासघात हुन सक्छ, बडो सजग हुनुपर्नेछ । नयाँ कामको अवसर आऊला । निर्णयात्मक समयको घडी छ, विचार पुऱ्याउनु होला ।

**धनु:** नराम्रो समय छैन, शान्त र स्थिर स्वभावले तपाइलाई पछि पार्ला । बोलीमा मिठास नआएपनि काम बन्नेछ । राजनीतिक, सामाजिक क्षेत्रतर्फ रुचि बढ्ला । समाजमा प्रतिष्ठा बढ्ने काम हुनेछ । तपाइबाट धेरैले आशा गरेका छन्, तिनीहरुलाई निराश नबनाउँदा बेश होला ।

**मकर:** उचित समय छ । समयलाई चिनेर काम गर्न सक्नुभयो भने ठूलो सफलता मिल्नेछ । समयले साथ दिनेछ । मान्नुस्, यतिवेला तपाइको दुवै हातमा लड्डु छ । परिवारमा भने त्यति मेल हुने देखिन्न । शैक्षिक एवं रचनात्मक कामप्रति सफलता मिल्नेछ ।

**कुम्भ:** नराम्रो भन्न मिल्दैंन तर खासै राम्रो पनि छैन । सानोतिनो समस्याले पिरोलि रहनेछ । यात्राको योग छ, नयाँ इष्टमित्रहरुबाट राम्रै सद्भाव प्राप्त होला । जागिरमा त्यति रुचि नहोला । बाहिरी कामबाट विशेष फाइदा होला, धैर्यतापूर्वक गरेका कामबाट राम्रै नतिजा हात लाग्ला । धार्मिक एवं ज्ञान गुनका कुरा सिक्ने र सिकाउने वातावरण मिल्ला ।

**मीन:** राम्रो समय छ । परिवारमा राम्रो सम्बन्ध कायम होला । विवाह, सन्तान, प्रेमको लागि समय खर्च होला । जागिरबाट फलिफाप हुने समय छ । यात्राको योग पनि बनेको छ, शत्रु पक्षबाट पनि व्यवधान आउला । रमाइलो र रसरंगमा समय वितेको ख्याल नहोला । अरुलाई प्रभाव पारेर काम फत्य गर्ने समय छ । धैर्यतापूर्वक काम गर्नु वेश होला ।

## नेपालको सैनिक इतिहास

अघिल्लो अङ्कबाट बाँकी क्रमशः

*जलहरी बनाई श्री पशुपतिनाथकन चढाई र ख्याको थियो भनि भन्दा पशुपतिनाथका दक्षिण दरवाजा सम्मुखको धर्मशिला उठाई त्यस ठाउँको सुनको जलप लायाको धातुको भाँडा वर्तनहरु भिकी ल्याई सिपाहीहरुलाई तलब दिया। जय वागिश्वरीको भण्डारको भित्रको धन पनि लिई खर्च गऱ्या......... मेरो फत्य भैगयो भन्या देवताहरुलाई दोब्बर द्रव्य चढाउँला भनी लिएको हो" ।*

त्यस्तै अनेक मन्दिरको सम्पत्ति लिई जयप्रकाश मल्लले स्थायी थप सेनालाई तलब दिएका थिए । तर प्रतिमास कति दिइएको थियो भनेर ठोकुवा गर्न सकिएको छैन ।

स्थायी सेवाबाहेक जनसहभागिताका आधारमा संचालित सेनाहरुको नाममा शहर वा गाउँ र विशेष काम गरेमा व्यक्ति विशेष पुरस्कार दिइएका प्रमाणहरु पाइन्छन् । यसबारे माथि नै उल्लेख भइसकेको छ। यसरी प्राचीन तथा मध्यकालमा सैनिकहरु (सेनापतिदेखि सिपाहीसम्म) लाई तलबका रुपमा जग्गा (विर्ता) वा केही रकम वा पुरस्कार दिने चलन रहेको पाइन्छ। (पेज नं २४)

**प्रशासनिक कारवाही**

प्राचिन तथा मध्यकालका नियम कानून धर्मशास्त्र, स्मतिहरु तथा परम्परा अनुसार बनाइने भएको हुनाले सेनामा पनि सोही अनुरुप प्रशासनिक कारवाही भएको हुनुपर्छ। हामीसित प्राप्त सामग्री अनुसार सैनिक अनुशासन भंग गर्ने व्यक्तिलाई कस्तो सजाय दिने भन्ने उल्लेख भएको पाइदैन ।

तर सामरिक कार्यमा संलग्न भएका व्यक्तिहरुको इमानदारीमा शंका लागेपछि नेल ठोकी कैद गरिएको र हत्यासमेत गरिएका घटनाहरु दर बारी षड्यन्त्रका रुपमा उल्लेख भएको हामी पाउँदछौं । माथि उल्लेख भएअनुसार रणभीम थापालाई गोरखालीहरुको विरुद्व सेनानायकका रुपमा नियुक्त गरिएको थियो । तर उनीमाथि इमानदारिताको शंका भएपछि नेल ठोकी कार ागारमा राखियो। रणभीम थापाको सट्टामा नियुक्त भएका सेनानायक काशीराम थापाले गोरखालीको विरुद्धमा इमान्दारीपूर्वक युद्व नगरेको तथा युद्वपछि पनि राजासँग सम्पर्क नराखी बसेकोले पछि फेला परेपछि पशुपति क्षेत्रमा कान्तिपुरका र ाजा जयप्रकाश मल्लले आफ्ना सेनामार्फत काशीराम थापा र उनका अनुयायी उमरावहरु जम्मा आठजनालाई मारेको विवरण भाषा वंशावलीमा दिइएको छ । त्यस्तै काजी भीममल्लको हत्याबारेमा पनि दोषारोपण गरी ज्यान सजाय दिएको तथ्यलाई अगाडि राख्न सकिन्छ । उक्त काजीले तिब्वत गई विजय हासिल गरी ३२ कोठी खोल्ने व्यवस्था गरी युद्वमाजम्मा गरेको प्रशस्त धन-सम्पत्ति लिई फर्केका थिए । उनी सीधा कान्तिपुरतर्फ फर्की भक्तपुर गई त्यहाँ राजालाई भेटेका थिए। त्यस बेला भक्तपुरका राजा र कान्तिपुरका राजाबीच वैमनस्य थियो । त्यस बखतमा भीममल्लले आफ्ना राजाको इच्छाविपरीत कार्य गर्दा राजा प्रताप मल्लले काजी भीममल्लमाथि शंका गर्नु र रिसाउनु स्वाभाविकै थियो। त्यसैले राजाले भीममल्लको हत्या गर्न लगाए ।

समष्टिगत रुपमा त्यस बेला सैनिक प्रशासन दरिलो रहेको देखिन्छ। राजा र जनता वीचमा आत्मीयता भएको अवस्थामा राज्यमा प्रजाले भरसक राष्ट्रको लागि जीउज्यान दिई र क्षा गरेका थिए । राजाको आदेश भन्दाभन्दा "यो हाम्रो कर्तव्य हो" भन्ने भावनाले प्रेरित भएको हुँदा प्रशासनिक दण्ड र दण्डाको त्यति आवश्यकता अनुभव भएन ।

**रणनीति**

कुनै पनि राष्ट्रको सुरक्षा तथा तेज उक्त राष्ट्रको सैनिक बल तथा बुद्धिमा निहित रहेको हुन्छ । प्राचीन हिन्दुग्रन्थमा सप्तांग राज्यको सिद्धान्त प्रतिपादन गर्दै बल र बुद्धिको महत्वबारे यसरी व्याख्या गरिएको छ :-

*"स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गः कोशो बलं सुहृत् । एतावदुच्यते राज्यं सत्त्वबुद्धिव्यपाश्रयम् ।*

-कामन्दकीयनीतिसार

यसको नेपाली रुपान्तर यसप्रकार छ :-

*"राजा मन्त्री, राष्ट्र, किल्ला, ढुकुटी, फौज, मित्र यी सात राज्यका अंग हुन् । राज्य बल र बुद्धिमा अडेको हुन्छ । "*

हिन्दु- परम्परालाई मान्यता दिने सबै र ाजाहरुले सप्ताङ्ग राज्यसिद्धान्तको अनुकरण गर ेका थिए । राज्यको सात अंगमध्ये फौज पनि एक अंग हो । सो फौजलाई सुव्यवस्थित गरी परिपक्व रणनीति अनुसार संचालन भएमा युद्धमा पराजयको अनुभव गर्नुपर्दैन । सेनाको संख्या मात्र धेरै भएर हुँदैन, परन्तु राजा वा सेनापतिले कुशल रणनीति पनि लिनुपर्दछ। प्राचीनकालमा शासकहरुले के कस्तो रणनीति लिई आक्रमण गरेका थिए भन्न सकिदैन। तापनि मध्यकालका विभिन्न बंशावली, तत्कालीन कागजपत्र तथा अन्य समकालीन सामग्रीहरुबाट तत्कालीन र णनीतिका बारेमा केही व्याख्या गर्न सकिन्छ।

मध्यकालमा विदेशी आक्रमण हुँदा, स्थानीय क्वाठनायक वा सामन्तहरुले विद्रोह दमन गर्दा वा आक्रमण गर्न जाँदा आफ्नो पक्षको विजयका लागि नदी प्रयोग गर्ने ज्यातिषीलाई साइत हेराउने र पुरश्चरण गराउने, बस्तीमा आगो लगाउने, घेरावन्दी गर्ने, शत्रु पक्षमा साम, दाम, दण्ड र भेद नीति लागू गर्ने, त्रास पैदा गर्ने आदि नीति अनुकरण गरिएको पाइन्छ । यस सम्बन्धमा विभिन्न घटनाहरु उल्लेख गरि एमा मात्र कुन नीति कसरी लागू गरियो भन्ने तथ्य स्पष्ट हुन्छ।

ईशाको आठौं शताव्दीमा काश्मीरका र ाजा जयपीड विनयादित्यले नेपालमाथि आक्रमण गर्दा नदीलाई आक्रमणकारीको विरुद्ध नेपालीहरुले प्रयोग गरेको वर्णन कल्हणको "राजतरगिणी" मा भएको छ जुन यस प्रकार छ :

*त्यस बेला काश्मीरका राजा जयपीड विनयादित्य एक ख्यातिप्राप्त बहादुर राजा थिए । उनले नेपालमाथि आक्रमण गरे । तत्कालीन नेपालका राजा अरमुण्डीले काश्मीरी राजालाई*

क्रमशः अर्को अङ्कमा

## नेपाली सेनाको स्पष्टोक्ति

यही बैशाख बैशाख ११ गते काठमाडौंबाट प्रकाशित भएको दैनिक पत्रिका **"कान्तिपुर"** को मुख पृष्ठमा **"के-के भयो सेनाभित्र ?"** र सोहि मितिमा प्रकाशित अंग्रेजी दैनिक पत्रिका **"The Kathmandu Post"** को मुख पृष्ठमा **"What put Maoists on backfoot"** शीर्षकहरु अन्तर्गत संप्रेशित समाचारप्रति नेपाली सेनाको गम्भिर ध्यानाकर्षण भएको छ।

कपोलकल्पित ढंगले संप्रेषण गरिएको उक्त समाचारहरु झुट्टा तथा भ्रामक भएकोले सो समाचारहरुको आधिकारिक खण्डन गर्दै सदाझैं एकतावद्व तथा अनुशासित नेपाली सेना नियम कानून एवम् आदेशको श्रृङ्खला (Chain Of Command) अनुसार नै रहेको र रहिरहने व्यहोरा यसै विज्ञप्तिमार्फत आम जनसमुदायमा अवगत गराइन्छ।

पूनश्च, मातृभूमिको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं राष्ट्रिय एकताको रक्षार्थ अनवरतरुपमा सेवारत नेपाली सेना, प्रजातान्त्रिक पद्धतिप्रति सदाझैं कटिवद्ब रहेको प्रतिवद्वता प्रकट गर्दै नेपाल सरकार र नेपाली सेनाबीच फाटो ल्याउने सुनियोजित षडयन्त्र गर्ने दुरासयले प्रकाशित गरिएको सो समाचारमाथि रत्तिभर पनि विश्वास नगर्न नेपाली सेना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जनसमुदायमा हार्दिक अपिल समेत गर्दछ।

### जनहित कार्य

## रक्तदान

यही बैशाख ४ गते, श्री पूर्वी पृतना हाताभित्र रहेको युनिटहरुका अधिकृत तथा अन्यदर्जाले रक्तदान गरेका छन् । नेपाल नगरपालिका कर्मचारी एशोसियसन ईकाई समिति ईटहरी नगर पालिका कार्यालय प्राङ्गणमा आयोजना गरिएको उक्त रक्तदान कार्यक्रममा सो पृतना अन्तर्गतबाट अधिकृत २ तथा अन्य दर्जा १८ गरी २० जना सहभागि भएका थिए ।

## आगो नियन्त्रण

यसैगरी यही बैशाख १ गते पश्चिम कुशाहा ४ सरदार टोलमा वस्ने पुनेश्वर सरदारको फुसको घरमा लागेको आगो नेपाली सेनाको श्री श्री बक्स गुल्मबाट गएको एक टोली र ईनरुवाबाट गएको वारुण यन्त्रको संयुक्त प्रयासपछि नियन्त्रणमा लिइएको छ। उक्त आगलागीबाट घर भित्र भएको करिव ३ लाख ५० हजार बराबरको धनमाल क्षति भएको छ।

## मन्दिर सरसफाई

गत चैत्र २८ गते श्री शम्सेरदल गणले स्थानीय अमरगढी नगरपालिका १ ढुनढुनेमा रहेको सहस्त्रलिङ्गेश्वर महादेव मन्दिर परिसर सरसफाई तथा उक्त मन्दिर क्षेत्रमा रहेको झाडी बुट्यानहरु हटाएको छ ।

### निकुञ्ज गतिविधि

## चोर शिकारी पक्राउ

चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनाको श्री गोरख बहादुर गणबाट गएको निकुन्ज गस्ती टोलीले यही बैशाख ५ गते एक र ६ गते तीन गरी ४ जना चोर शिकारीहरुलाई पक्राउ गरेको छ ।

चोर शिकारीहरुको साथबाट ७ नाल बन्दुक, छर्रा, बारुदकोसाथै जंगली जनावरको सुकुटीसमेत बरामद गरिएको र निजहरुलाई थप अनुसन्धान र कानुनी कारवाहीको लागि सम्वन्धित निकुन्ज प्रशासनलाई बुझाईएको श्री सैनिक जनसम्पर्क निर्देशनालयले यही बैशाख ८ गते जारी गरेको विज्ञप्तिमा जनाइएको छ । पक्राउ पर्ने चोर शिकारीहरुमा कमान सिंह घलान, बद्रि थिङ्ग, रण बहादुर वि.क. र वगेन लामा रहेका छन् ।

## चोर शिकारीहरुको सामान बरामद

गत चैत्र २८ गते श्री श्रीबक्स गुल्मबाट गएको गस्ती टोलीले भरुवा बन्दुक २ नाल, बारुद र छर्रा लगायत वन्दोवस्तीका सामानहरु बरामद गरेको छ ।

आरक्ष इलाकाभित्र अवैधरुपमा प्रवेश गरी शिकार गर्दै गरेका चोर शिकारीहरुलाई पक्रन उनीहरुलाई लखेट्दै जानेक्रममा सिमलघारी इलाकामा उक्त सामानहरु छाडेर भागेका थिए ।

## जवान वर्ष

जवान वर्ष मनाउने क्रममा श्री ज्वालादल गणले ठाकुरद्वारास्थित ठाकुरवावा मन्दिर परिसर मरामत संभार तथा सरसफाई गर्नुकोसाथै जिम्मेवारी क्षेत्र भित्र पर्ने सम्पूर्ण काठेपुल मरामत गरेको छ ।

यसै अवसरमा जवानहरुको बौद्धिक विकास होस् भन्ने हेतुले विभिन्न विषयवस्तुहरु समेटी अन्तरगुल्म हाजिरजवाफ, क्रिकेट,एथ्लेटिक्स,ब्याटमिन्टन आदि प्रतियोगिताहरु सञ्चालनगरि विजयी हुने टीम तथा खेलाडीहरुलाई गणपति प्रमुख सेनानी श्री इन्दु कुमार खड्काले पुरस्कार प्रदान गर्नु भएको थियो ।

## निरीक्षण भ्रमण

श्री नं. २ वाहिनी अड्डाका वाहिनीपति सहायकरथी श्री विजय कुमार शाहीले यही बैशाख १ गते श्री कृष्णदल गण अन्तर्गत रहेको सुरक्षा वेश, भेडेटार र सुरक्षा वेश नाम्जेटारको निरीक्षण गर्नु भयो ।

उक्त निरीक्षणका क्रममा सकलदर्जालाई सम्वोधन गर्दै श्री शाहीले नववर्षको शुभकामना दिनुभई देशको वर्तमान परिस्थिति र सेनाको जिम्मेवारीका बारेमा प्रकाश पार्नु भएको थियो ।

## शिष्टाचार भेटवार्ता सम्पन्न

यही बैशाख २ गते प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवाल तथा मित्रराष्ट्र



बेलायतका Under Secretary of State For Defence र Minister For Veterans Mr. Kevan Jones तथा Director General Land Forces Secretariate Mr. John Pitt Brooke बीच जङ्गी अड्डामा सौहार्दपूर्ण भेटवार्ता सम्पन्न भयो ।

उक्त भेटवार्ताको अवसरमा आपसी हीतका विषयहरुमा छलफल भएको थियो ।

## युनिट सर्वोत्कृष्ट जवान

जवान वर्ष मनाउने क्रममा विभिन्न पृतना, बाहिनी गण, गुल्म तथा युनिटहरूले दैनिक क्रियाकलाप, अनुशासान, र कार्य कुशलता मूल्याङ्कन गरी सर्वोत्कृष्ट जवान घोषणा गर्दै आएका छन् । युनिटहरूले घोषणा गरेका सर्वोत्कृष्ट जवानहरूको विवरण यस पाक्षिकमा प्रकाशित गरिदै आएअनुरूप यस अङ्कमा पनि निरन्तरता दिईएको छ ।

### श्री पशुपति प्रसाद गण



वि.सं. २०३९ साल फागुन २६ गते भोजपुर जिल्लाको हेलौछा गा.वि.स. ३ वेतनीमा जन्मेर वि.सं. २०६० असोज १ गतेबाट सैनिक सेवामा प्रवेश गर्नुभएका नं. १९८७६८ प्युठ राजकुमार गुरुङ्ग श्री पशुपति प्रसाद गणको सर्वोत्कृष्ट वर्ष जवान घोषित हुनुभएको छ। निजामतितर्फ ८ कक्षासम्म अध्ययन गर्नुभएका गुरुङ्गले सैनिकतर्फ सेकेण्डक्लास पास गर्नुभएको छ। संगठन तथा पेशाप्रति अनुशासित, लगनशील र वफादार गुरुङ्ग ह्यामर थ्रो खेलका एक कुशल खेलाडी समेत हुनुहुन्छ।

### श्री पश्चिम पृतना स्थपति सेवा

लम्जुङ्ग जिल्ला, उदीपुर गा.वि.सं. ७ मा वि.सं. २०३५ साल असोज २९ गते जन्मिई वि.सं. २०५४ साल असोज १३ गतेबाट सैनिक सेवामा प्रवेश गर्नुभएका नं. १५८८४९ सिपाही ईमान गुरुङ्ग श्री पश्चिम पृतना स्थपति सेवाको सर्वोत्कृष्ट जवान घोषित हुनु भएको छ। निजामतितर्फ एस.एल.सी. सम्मको अध्ययन गर्नुभएको गुरुङ्गले विल्लादार तेस्रा ग्रेड तालिम पूरा गर्नुभएको छभने उहाँ परदेश सेवा पदकबाट विभूषित हुनुहुन्छ।

### श्री सुदुर पश्चिम पृतना स्थपति सेवा

बैतडी जिल्ला, श्रीविशालपुर गा.वि.स. ८ मा वि.सं. २०४० साल बैशाख १५ गते जन्मिई वि.सं. २०६१ मङ्सिर २४ गतेबाट सैनिक सेवा प्रवेश गर्नुभएका नं. २२१३३४ सिपाही अर्जुनदत्त भट्ट श्री पश्चिम पृतना स्थपति सेवाको सर्वोत्कृष्ट जवान घोषित हुनु भएको छ। विल्लादार क्याडर तेस्रो ग्रेड तालिम पूरा गर्नुभएका उहाँले सैनिकतर्फ आर.टी र निजामतितर्फ एस.एल.सी. उत्तीर्ण गर्नुभएको छ।

### श्री बरख गण

मकवानपुर जिल्ला, पदमपोखरी गा.वि. सं. वडा नं. ८ मा वि.सं. २०४० साल भदौ ५ गते जन्मनुभएका नं. २०३७६४ सिपाही लक्ष्मण घले बरख गणको सर्वोत्कृष्ट जवान घोषित हुनुभएको छ। वि.सं. २०६० साल माघ ५ गतेबाट सेवा प्रवेश गर्नुभएका घलेले विल्लादार क्याडर तेस्रा ग्रेड तालिम पूरा गर्नुभएको छ। उहाँलाई सो गणको बार्षिकोत्सवको अवसर पारेर गत माघ १२ गते गणका कर्णेल कमाण्डान्ट बलाधिकृत रथी श्री छत्रमान सिंह गुरुङ्गले एक कार्यक्रमकाबीच पुरस्कृत गर्नुभएको थियो।




## प्रधान सेनापतिबाट सडक उद्घाटन

यही बैशाख ५ गते प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवालले ओखलढुङ्गा जिल्लाको बर्णालु र रुम्जाटार गा.बि.स.मा निर्माण सम्पन्न गरिएको करिव ६ की.मी. लामो मोटरबाटोको एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभयो ।



प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवाललाई स्वागत गर्दै स्थानीय बालिकाहरु ।

रुम्जाटारस्थित भगवती युवा क्लवको सक्रियता तथा स्थानीय बासिन्दा 'स्वर्गीय नारायण बहादुर गुरुङ्गको' स्मृतिमा उहाँकी धर्मपत्नी तथा छोराछोरीहरुको सम्पूर्ण आर्थिक सहयोगमा निर्माण भएको उक्त "नारायण बहादुर गुरुङ्ग स्मृति मार्ग" को निर्माण पश्चात ओखलढुङ्गा जिल्लाको सानीटारदेखि डाँडावारी, ठूलो ढिक, बुढा टोलहुँदै जिल्ला अस्पतालसम्म जाने बाटो जोडिएको छ ।

उक्त क्लवको योगदानको सरहाना गर्दै प्रधानसेनापति महारथी श्री कटवालले सो क्लबलाई नगद रु. २५,०००।- (पच्चीस हजार) सहयोगस्वरुप प्रदान गर्नुभयो भने स्वर्गीय नारायण बहादुर गुरुङ्गको परिवारले भविष्यमा सो सडकको मर्मत संभारकोलागि नगद रु. १,००,०००।- (एक लाख) सहयोग स्वरुप प्रदान गरेको छ ।


सो सडकको निर्माणबाट ओखलढुङ्गा जिल्लाका बासिन्दाहरु लाभान्वित हुनुकासाथै छिमेकी खोटाङ्ग जिल्लाका बासिन्दाहरु समेत लाभान्वित हुने श्री सैनिक जनसम्पर्क निर्देशनालयद्वारा यही बैशाख ५ गते जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## जवान लाइन उद्घाटन

ईटहरीस्थित श्री सर्वज्ञदल गणको हाताभित्र श्री विकास निर्माण तथा स्थपति महानिर्देशनालयबाट प्राप्त रकम, स्रोत र साधनको परिचालन तथा गणका सकलदर्जाको सामूहिक प्रयासमा नवनिर्मित ४० वेड क्षमता को जवान लाईनको गत चैत्र २८ गते पूर्वी पृतनापति उपरथी श्री रामबहादुर गुरुङ्गले उद्घाटन गर्नु भयो ।



राम्रो पनि ...



थामी नसक्नु इक्यूप्मेण्ट्सले थिचिदा नी

भन्ने गर्छन् अझै पनि लाइट इन्फेन्ट्री

**MILITARY THOUGHTS**

"In a man to man fight the winner is the one who puts an extra round in his magazine" **-Field Marshal Erwin Rommel**






# श्री राष्ट्रिय सेवा दलको इतिहास



वि.सं. २०२४ साल फागुन ७ गतेका दिन तत्कालीन श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहबाट निशान झण्डा ग्रहण गर्ने क्रममा श्री राष्ट्रिय सेवा दल



महासेनानी आमोद नरसिंह राणा
निमित्त प्रमुख सल्लाहकार

### परिचय:

कुनै पनि समयमा देशमा आइपर्न सक्ने संकटकालीन परिस्थितिबाट देश र देशवासीलाई जोगाई देशमा शान्ति, सुरक्षा र अमन चयन कायम राख्ने अभिभारा सम्पूर्ण देशवासीहरुको नै भएको हुँदा त्यस सम्बन्धी शिक्षादिक्षा र तालिमको व्यवस्था गरी जनचेतना फैलाई देश भक्ति, अनुशासित, कर्तव्यनिष्ठ, ईमान्दार र सु-योग्य आदर्श नागरिक निर्माणको निमित्त आवश्यक उचित वातावरण सृजना गर्न अन्य मुलुकहरुमाजस्तै नेपालमा पनि भविष्यका कर्णधार छात्र/छात्राहरुलाई साधारण सैनिक तालिम दिई उनीहरुमा देशप्रति वफादारीको भावना अरु वढी जागृत गराउन र आत्मविश्वास तथा नेतृत्वको क्षमता वढाउने उद्देश्यले राष्ट्रिय सेवा दलको स्थापना भएको हो ।

राष्ट्रिय सेवा दलको स्थापना तत्कालीन मन्त्री परिषद्को निर्णयबाट वि.सं.२०२२ साल कार्तिक ७ गते भएको थियो । त्यसै गरी २०२४ साल फाल्गुण ७ गते राष्ट्रिय सेवा दलले आफ्नो निशान झण्डा प्राप्त गरेको थियो भने वि.सं. २०२७ साल आश्विन १८ गते स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहबाट राष्ट्रिय सेवा दल ऐन लाई लालमोहर प्रदान गरिएको थियो ।



तत्कालीन रथी श्री रुकमाङ्गद कटवाल बार्षिक क्याम्पको सिलसिलामा उत्कृष्ट छात्रलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै (वि.सं. २०६१) ।

### नामाकरण:

विश्वका अन्य मुलुकहरुमा सञ्चालन भईरहेको यस किसिमको सेवा दललाई National Cadet Corps भन्ने नामाकरण गरिएको र हाम्रो देश नेपालमा पनि भविष्यमा राष्ट्र सेवा र जनकल्याणकारी कार्यमा नै कार्यरत हुन सहयोग पुऱ्याउने भएको हुँदा अंग्रेजी नामाकरण मिल्दो जुल्दो गरी राष्ट्रिय भाषा नेपालीमा राष्ट्रिय सेवा दल भन्ने नामाकरण तत्कालीन श्री ५ सरकारको निर्णय वमोजिम भएको थियो ।



YEP अन्तर्गत भारत भ्रमण सिलसिलामा विभिन्न देशका NCC क्याडेटहरुको साथमा नेपाली क्याडेट छात्रछात्राहरु ।

### आदर्श वाक्य :

राष्ट्रिय सेवा दलको आदर्श वाक्य "अनुशासन नै राष्ट्र सेवाको मूल जड हो " रहेको छ । यसै आर्दश वाक्यलाई आत्मसात गर्दै अधिराज्यभरका छात्र/छात्राहरुलाई हालसम्म राष्ट्रिय सेवा दलले तालिम सञ्चालन गराउँदै आइरहेको छ ।



### झण्डा चिन्ह




वि.सं. २०२४ साल फाल्गुण ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको सुखद उपलक्ष्यमा स्व.श्री ५ महेन्द्र वीर विक्रम शाहबाट राष्ट्रिय सेवा दलले सरस्वती चिन्ह अङ्कित षष्टकोणको बीचमा खुकुरी र कलम भएको आफ्नै झण्डा ग्रहण गऱ्यो । सोही तिथिको दिन राष्ट्रिय सेवा दलले बर्षेनी आफ्नो वार्षिक उत्सव मनाउने गर्दै आएको छ । त्यसैले सार्हो दिन नै राष्ट्रिय सेवा दलको ऐतिहासिक महत्वको दिनको रुपमा रहेको छ । वि.सं. २०३९ सालमा राष्ट्रिय सेवा दलले आफ्नो आदर्श वाक्य प्राप्त गरेपश्चात् राष्ट्रिय सेवा दलको झण्डामा उक्त आदर्श वाक्य पनि थपियो र पछि युनिटहरुको झण्डामा राष्ट्रिय झण्डा राखेपछि राष्ट्रिय सेवा दलको झण्डामा पनि राष्ट्रिय झण्डा राखिएको छ ।

वि.सं. २०२४ सालमा झण्डा प्राप्त गरेपछि उक्त झण्डामा अङ्कित सरस्वतीको षष्टकोण भित्र दुई खुकुरी र बीचमा कलम रहेको चिन्हलाई नै राष्ट्रिय सेवा दलको प्रतिक चिन्हकोरुपमा मानी वि.सं. २०३९ सालबाट राष्ट्रिय सेवा दलको आदर्श वाक्य उक्त प्रतिक चिन्ह मुनि राखिएको छ ।

### संगठन

राष्ट्रिय सेवा दलको स्थापनाकालको पुवार्द्धमा यसको सञ्चालन तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालय र रक्षा मन्त्रालयको संयुक्त तत्वावधानमा भएको थियो । वि.सं. २०२४ साल फाल्गुण १ गतेदेखि जङ्गी अड्डाको बलाधिकृत विभाग अन्तर्गत सै.वि.को नीति निर्देशन अनुसार सञ्चालन हुँदै आइरहेकोमा वि.सं.२०५१ सालदेखि बलाध्यक्ष विभाग अन्तर्गत रहि सञ्चालन हुँदै आइरहेको छ ।

यस कार्यालयको प्रमुखमा प्रमुख सल्लाहकारको दरवन्दी कायम गरिएको छ । जसको नियुक्ति नेपाली सेनाका सहायक रथी/महा सेनानीलाई गरिन्छ । राष्ट्रिय सेवा दलको मुख्य कार्यालय जङ्गी अड्डा काठमाडौंमा अवस्थित छ । उपत्यका भित्रका छात्र/छात्राहरुको हकमा राष्ट्रिय सेवा दलको मुख्य कार्यालयबाट तालिम सञ्चालन गरिन्छ भने उपत्यका बाहिर भने नेपाली सेनाको व्यारेक, पोष्ट स्थायीरुपमा रहेको जिल्लाहरुमा राष्ट्रिय सेवा दलबाट खट्टिएका शिक्षक टोलीहरुबाट तालिम गराइने नीति रहेको छ ।



निशान पूजा गर्नुहुँदै पूर्व प्रमुख सल्लाहकार म.से. श्री गीर्वाण विक्रम शाह ।

# तालिम

राष्ट्रिय सेवा दलले आफ्नो उद्देश्य परिपूर्तिको लागि स्थापनाकालदेखि वि. सं. २०३० सालसम्म सिनियर डिभिजन (महाविद्यालय स्तर) अन्तर्गत ९ व्याच, प्र.जि.अ. तालिम ६ व्याच, स्थानीय विकास अधिकारी तालिम ३ व्याच, प्राध्यापक अधिकृत तालिम २ व्याच गरी जम्मा २० व्याच



*राष्ट्रिय सेवा दलद्वारा सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी तालिम अन्तर्गत एड टु सिभिल पावरको अभ्यास गर्दै प्रमुख जिल्ला अधिकारीहरु (वि.सं. २०३१)*

तालिम सफलतापूर्वक सम्पन्न गरिसकेको छ। नयाँ शिक्षा योजना लागु भए पश्चात् वि.सं. २०३१ साल बैशाख १ गतेपछि सिनियर डिभिजन तालिमको सट्टा जुनियर डिभिजन तालिम सञ्चालन गरी हालसम्म ३५ औं व्याच समेत १८ हजार छात्र/छात्राहरले सफलतापूर्वक तालिम सम्पन्न गरि सकेका छन्।

हाल यस सेवा दलले हरेक वर्ष पुर्वाञ्चलमा ७५, मध्यमाञ्चलमा २५०, पश्चिमाञ्चलमा ७५, मध्य पश्चिमाञ्चलमा ५० र सुदुर पश्चिमाञ्चलमा ५० जना छात्र/छात्राहरु बरावरी गरी जम्मा



*सिनियर डिभिजनका क्याडेटहरु हतियार तालिम गर्दै ।*

५०० जनालाई समावेश गरी तालिम सञ्चालन गर्ने गरेको छ। यसरी सञ्चालन गरीने तालिमको अवधी १०० दिनको हुने छ, जसमा ७९ दिन विद्यार्थीहरुलाई आ-आफनो शाखामा तालिम गराइन्छ भने बाँकी २१ दिन नवलपरासी जिल्लाको कोटटांडीमा क्याम्प सञ्चालन गरी तालिम गराइन्छ।



*ते-क्वान्दो पी.टी. प्रदर्शन गर्दै क्याडेट छात्रछात्राहरु (वि.सं. २०६५)।*

राष्ट्रिय सेवा दलले सञ्चालन गर्ने छात्र/छात्राहरुको तालिमलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

(क) **सँस्थागत तालिम**

सँस्थागत तालिम अन्तर्गत छात्र/छात्राहरुलाई सैनिक जीवनका आधारभूत तालिमहरु दिइन्छ,। यस तालिमको उद्देश्य छात्र/छात्राहरुलाई सैनिक जन-जीवनको साथै उनीहरुलाई शारीरिक तथा मानसिकरुपमा चुस्त, फूर्तिलो, कर्तव्य बोध गर्न सक्ने असल व्यक्तित्व भएको एक अनुशासित नागरिक बनाउनु हो । यस अन्तर्गत शारीरिक व्यायम, ड्रिल, तेक्वाण्डो, खुकुरी ड्रिल, नक्शा अध्ययन, प्राथमिक उपचार र अन्त्यमा वार्षिक सामाजिक तथा सैनिक क्याम्प सञ्चालन गरिन्छ। क्याम्प ट्रेनिङ्ग राष्ट्रिय सेवा दल तालिमको ज्यादै महत्वपूर्ण भाग हो, जहाँ अधिराज्यभरका छात्र/छात्राहरुले हर्ष एवम् उल्लासपूर्ण वातावरणमा तालिम सम्पन्न गर्दछन्। यस क्याम्पमा नेपाल



*घोडचढी तालिम गर्दै क्याडेट छात्रछात्राहरु ।*

अधिराज्यभरका तालिमरत सम्पूर्ण छात्र/छात्राहरुको सहभागिता भई एक अर्कोमा सामाजिक, साँस्कृतिक, भौगोलिक स्वरुपका साथै भाषा, भेषभूषा आदिका बारेमा ज्ञान हुनुको साथै विचारको आदान-प्रदान भई भातृत्वको भावना बृद्धि हुनजाने देखिन्छ।

(ख) **सामूदायिक विकास** :- सँस्थागत तालिमको पहिलो चरण अन्तर्गत वार्षिक सामाजिक क्याम्प सञ्चालन गरिन्छ, जुन ७ दिनको हुने गर्छ। यस अवधिमा सामाजिक विकास सम्वन्धी विविध गतिविधिहरु सञ्चालन गरिन्छ। यसको उद्देश्य मानव समुदायका विविध समस्याहरुको पहिचान गरी सामुदायिक विकास गर्नु हो । यस अन्तर्गत बाटोघाटोहरुको मर्मत तथा संभार, गाउँबस्तीहरुको सर-सफाई, बृक्षारोपण तथा जनचेतना जगाउने विविध कार्यक्रमहरु जस्तै :- लागूपदार्थ दूर्व्यसनी तथा चेलिवेटी बेचविखन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिन्छ। सँस्थागत तालिमको दोस्रो चरण अन्तर्गत सैनिक क्याम्प सञ्चालन गरिन्छ, जुन १४ दिनको हुने गर्छ। यसको उद्देश्य सैनिक जन-जीवनको विविध पक्षहरुवारे जानकारी गराउनु हो। यस अन्तर्गत सैनिक जनजीवनका विविध तालिमहरु जस्तैः पी.टी., सेन्ट्री, क्वार्टरगार्ड ड्युटी, फष्ट एड, हाइजिन एण्ड सेनिटेशन र सिभिल डिफेन्स सम्बन्धी विविध तालिमहरु दिइने हुँदा छात्र/छात्राहरुलाई शारीरिक तथा मानसिक रुपमा चुस्त एवम् फूर्तिलो बनाउँछ।



## युवा आदान प्रदान कार्यक्रम

### (Youth Exchange Programme)

छात्र/छात्राहरुको आत्मविश्वास बढाउन तथा अन्तर्राष्ट्रियस्तरमा जानकारी तथा समझदारी बढाउने उद्देश्यले राष्ट्रिय सेवा दलले मित्रराष्ट्र भारत र श्रीलंकासँग युवा आदान-प्रदान कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रममा भागलिने छात्र/छात्राहरुले युवा आदान-प्रदान कार्यक्रममा सहभागी हुने देशहरुको ऐतिहासिक, साँस्कृतिक, सामाजिक र आर्थिक अवस्थाहरुको बारेमा अध्ययन गर्दछन्। हाल उक्त कार्यक्रम अन्तर्गत हरेक बर्ष उत्कृष्ट १० जना क्याडेट



**Youth Exchange Programme अन्तर्गत भारत भ्रमणको सिलसिलामा भारतका प्रधानमन्त्रीको साथमा नेपाली क्याडेट छात्रछात्राहरु (वि.सं. २०६०) ।**

छात्र/छात्राहरु भारत तथा ४ जना श्रीलंका भ्रमणमा जाने गरेका छन्। त्यसैगरि भारत र श्रीलंकाका केही क्याडेट छात्र/छात्राहरु पनि नेपाल भ्रमणमा आउने गरेका छन्।

## हालसम्मका प्रमुख सल्लाहाकारहरु


उप सचिव श्री गम्भीरध्वज गुरुङ्ग
२०२२/७/७ बाट
२०२३/३/३२ सम्म


अ.प्रा.उपरथी श्री पहल सिंह लामा
२०२३/४/१ बाट
२०२४/४/३ सम्म


अ.प्रा.म.से. श्री श्रीप्रसाद बुढाथोकी
२०२५/७/१५ बाट
२०३१/१/२० सम्म


म.से. श्री चन्द्र बहादुर राई
२०३६/८/१८ बाट
२०४३/८/१८ सम्म


स.र.श्री नारायण चन्द्र मल्ल
२०४३/९/१४ बाट
२०४७/४/४ सम्म


म.से. श्री अम्बिका प्रसाद शर्मा
२०४८/३/३१ बाट
२०५२/५/३१ सम्म


म.से. श्री गीर्वाण विक्रम शाह
२०५२/६/१ बाट
२०५८/१२/१९ सम्म


स.र. श्री मोहन चेमजोङ्ग
२०५९/१/५ बाट
२०६३/१/९ सम्म


स.र. श्री विष्णु बहादुर गुरुङ्ग
२०६३/३/१९ बाट
२०६३/३/२० सम्म


म.से. श्री आमोद नरसिंह राणा
(निमित्त प्रमुख सल्लाहाकार)
२०६५/६/२६ देखि हालसम्म

## राष्ट्रिय सेवादलले सञ्चालन गरेका जनहित कार्यहरु

यस सेवा दलद्वारा गराईने एन.सी.सी. तालिम अन्तर्गत वार्षिक क्याम्प सञ्चालन गरीने इलाका नवलपरासीको डण्डा वडा नं. ८ मा २०५२ सालमा बनदेवी मन्दिरको स्थापना गरेको थियो।



वि.सं. २०६४ सालमा डण्डाकै कोटडाँडी वडा नं. १ स्थित भगवती मन्दिर इलाकामा विश्राम भवन निर्माण गरेको थियो । त्यसैगरि सोही इलाकामा वि.सं. २०६४ साल माघ १७ गते त्यहाँका गाउलेहरुको सुविधाको लागि यस सेवा दलले पानी [illegible] निर्माण गरेको थियो । [illegible] कार्यहरुबाट स्थानीय वासीन्दाहरु [illegible]

*नवलपरासीस्थित क्याम्प इलाका डण्डाकोट, टाँडीमा रहेको भगवती मन्दिर [illegible] राष्ट्रिय सेवादलको [illegible] उद्घाटन गर्नुहुँदै निमित्त प्रमुख सल्लाहाकार महासेनानी श्री आमोद नरसिंह राणा ।*



*क्वार्टर गार्ड ड्रिल अभ्यास गर्दै सिनियर डिभिजन चौथो व्याचका छात्रहरु (वि.सं. २०२६) ।*


*जुनियर डिभिजनका छात्राहरु तानडोरी प्रतिस्पर्धा गर्दै (वि.सं. २०३४) ।*


*७ औं व्याचका छात्रछात्राहरु कवाज प्रदर्शनको लागि तयारी गर्दै (वि.सं. २०३७) ।*


*जुनियर डिभिजनका छात्रछात्राहरु वृक्षारोपण गर्दै (वि.सं. २०४१) ।*

# फोटो फिचर




बलाध्यक्ष रथी श्री कुल बहादुर खड्का ३५ औं व्याच उपत्यका भित्रको प्रथम हुने क्याडेट छात्रलाई पुरस्कार प्रदान गर्नुहुँदै ।



भारत भ्रमणका सिलसिलामा क्याडेट छात्रछात्राहरुको साथमा पूर्व प्रमुख सल्लाहाकार अ.प्रा. सहायक रथी श्री विष्णु गुरुङ्ग ।



अन्तिम दिक्षान्त कवाज अवलोकन गर्नुहुँदै रथीवृन्द तथा सेवादलका पूर्व प्रमुख सल्लाहकारहरू ।



YEP अन्तर्गत श्रीलंका भ्रमणको सिलसिलामा फायरिङ्ग अभ्यास गर्दै नेपाली छात्रछात्राहरू ।



विभिन्न विधामा प्रथम हुने छात्रालाई प्रमाण-पत्र वितरण गर्नुहुँदै निमित्त प्रमुख सल्लाहकार म.से. श्री आमोद नरसिंह राणा ।



राष्ट्रिय सेवा दलको बार्षिक सैनिक शिविरमा भारतीय NCC क्याडेट टोलीका साथ रा.से.द.का अधिकृत तथा आमन्त्रित पाहुनाहरू ।

## जवान वर्षको उपलक्ष्यमा राष्ट्रिय सेवा दलले सम्पादन गरेका कार्यहरु:



टेबुल

जवान वर्ष २०६५ को उपलक्ष्यमा राष्ट्रिय सेवा दलले खाना तातो राख्न जवानहरुको लागि १ सेट विनमेरी सेट खरिद गरी जवान भान्सामा प्रयोग गर्दै आइरहेको छ। जवान वर्षकै उपलक्ष्यमा जवानहरुको स्वास्थ्यलाई मध्यनजर राखी स्वच्छ पानी पिउनको लागि युरो गार्ड खरिद गरी भान्सामा प्रयोग गरिएको छ। त्यसैगरि जवानहरुको लागि जवान भान्सामा खाना खानको लागि मार्वलको डाईनिङ्ग टेवुल र वेञ्च प्रयोगमा ल्याइएको छ।



बिन मेरी सेट



युरो गार्ड




सिपाही पाक्षिक अतिरिक्ताङ्क १५ वैशाख २०६६

# राष्ट्र सेवामा नारायण दल गण

## स्थापना र नामाकरण

नेपालको एकीकरण पश्चात विभिन्न समयमा विभिन्न दृष्टिकोणले देशको आवश्यकता अनुसार पल्टनहरु स्थापना भएको पाइन्छ। सोहीअनुरुप देशको आन्तरिक परिस्थिति तथा छिमेकी मुलुक र अन्तर्राष्ट्रिय जगतमा बढ्दै गएको सेनाको विकासक्रमलाई मध्यनजर राखि



१७२ औं वार्षिक उत्सवको कार्यक्रममा सरिक भई रामेछापबाट काठमाण्डौ फर्कने क्रममा महारथी श्री रुकमाङ्गद कटवाल र श्री नं.९ बाहिनीपति स.र. श्री सुन्दर पुडासैनी।

नेपालमा पनि सैनिक संगठनको विकास भएको देखिन्छ। यस क्रममा नारायण दल गण तत्कालीन श्री ५ महाराजधिराज राजेन्द्रविक्रम शाहको राज्यकालमा वि.सं. १८९३/११/१७ गते (ई.सं.१८३७ मार्च) श्री नारायण दल पल्टनको नामबाट खडा भएको हो। त्यस बखत नेपालको मुख्तियार भीमसेन थापा थिए। पुराना ऐतिहासिक सामग्रीहरुको अध्ययनबाट नारायण दल पल्टन वि.सं. १८९३ साल अगाडि नै स्थापना भएको भन्ने बुझिन्छ। तर सोभन्दा अघि कसको शासनकाल र कुन मितिमा स्थापना भयो भन्ने कुनै ऐतिहासिक आधार हालसम्म फेला पर्न सकेको छैन। जंग बहादुर राणाको उदय पछि सन १८७७ सम्ममा काठमाण्डौ उपत्यका लगायत बाहिरका विभिन्न जिल्लाहरुमा खट्टिएका पल्टनहरुको संख्या- १३ पुगेको देखिन्छ। ती पल्टनहरुमा नारायण दल पल्टन पनि समाविष्ट थियो। वि.सं.२००९ सालमा भएको नेपाली सेनाको पुनर्गठन पश्चात यस पल्टनलाई नं. ७ हिमाली राईफल कम्पनी (हि.रा.) भन्ने नामाकरण भयो। विशेषगरि हिमाली क्षेत्रहरुको सुरक्षाको लागि भनेर खडा गरिएका अस्थायी प्रकृतिका मिलिसिया कम्पनीहरुलाई हिमाली राईफल कम्पनी नाम दिइएको थियो। त्यस बेला यस्ता ७ वटा मिलिसिया कम्पनीहरु विभिन्न हिमाली क्षेत्रहरुमा कार्यरत थिए।

वि.सं २०२५ साल फाल्गुन १७ गते यस पल्टनलाई नारायण दल गुल्म भनी पून: नामाकरण गरियो। यसरी विभिन्न रुपमा विकसित हुने क्रमसँगै वि.सं. २०६२ साल श्रावण १९ गते मन्त्रिपरिषदको निर्णयबाट यो पल्टन नारायण दल गणमा परिणत गरियो। नारायण भगवानको नामबाट नामाकरण भएको यस गण विभिन्न आरोह-अवरोहको बाबजुद समयका असंख्य बाधा र खुड्किला पार गर्दै नारायण दल पल्टन, हिमाली राईफल कम्पनी, नारायण दल गुल्म हुँदै आज नारायण दल गणको स्वरुपमा आइपुगेको छ। यस गणले नेपाल एकीकरण अभियानका साथै राष्ट्रको सार्वभौमसत्ता तथा अखण्डता जोगाउन इतिहासको कठिन अवस्थामा पनि सहभागी बन्दै राष्ट्र, राष्ट्रियता र नेपाली जनताप्रति समर्पित हुँदै आएको कुरा इतिहास साक्षी छ। "गर्नु रक्षा देशको, भई वीर पराक्रमी सन्तति" आदर्श वाक्य रहेको यस गण, नेपाली सेनाको गौरवमय इतिहास बोकेका पल्टनहरुमध्ये एक हो।



क्वार्टर गार्डमा निशान सलामी अर्पण गर्दै गणका सकल दर्जा।

## निशान एवं धार्मिक परम्परा

पैदल सेनाका विभिन्न कम्पनी र रेजिमेन्टका झण्डालाई निशान भनिन्छ। यस्ता झण्डाहरुमा प्रयुक्त रंग र चिन्हले त्यस कम्पनी वा रेजिमेन्टको सैनिक प्रतिबद्धता वा लक्ष्यलाई व्यक्त गर्दछन्। यस्ता झण्डाहरु अत्यन्त सुन्दर र आकर्षक शैलीबाट बनाईन्छ। नेपाली सेनाको प्रारम्भिक काल देखि नै पल्टनहरुको निशान (अ.नि.र.प.नि.) स्थापना गर्ने गरेको पाइन्छ। युद्धको क्रममा फौज अगाडि बढ्दा मार्चिङ्ग कोलमको अगाडिको जवानले बोक्ने झण्डालाई अगाडि निशान (अ.नि.) र कोलमको पछिल्लो जवानले बोक्ने झण्डालाई पछाडि निशान (प.नि.) भनिने गरेको तथ्य पाइन्छ।

जुनसुकै देशमा पनि राष्ट्रिय झण्डाको सर्बोच्च स्थान रहने हुंदा यसैको मुनी अन्य सैनिक तथा गैह्र-सैनिक झण्डाहरु फहराइने गरिन्छ। नेपाली सेनाको निशान झण्डाको इतिहासलाई हेर्दा गोरखाबाट ल्याइएको मूल निशान ज्येष्ठ र गण गुल्म खडा हुँदै गएको ज्येष्ठता क्रम बमोजिम ज्येष्ठता अनुसारको निशान क्रमश: सदर मूल कोतमा राखि पूजित हुदै गयो। समय क्रममा नेपाली सेनाका जति



अ. नि.

पनि गण/गुल्महरु अस्तित्वमा आए, तिनीहरुका निशानहरुमा चन्द्र–सूर्य अङ्कित त्रिकोणाकार वैदिक झण्डाको प्रभाव पर्नुको परिणामस्वरुप आकार चाहिँ मूल निशानको जस्तो त्रिकोणात्मक भए। बि.सं. १९०३ मा कोत पर्व भएको स्थान कम्पुकोतमा मूल निशान लगायत सबै निशानहरु प्रत्येक दिन पूजा गरी सुरक्षित साथ राख्ने परम्परा नेपाली सेनाले अझै सम्म कायम राख्दै आएको छ। गण/गुल्म काठमाण्डौ ःर तैनाथ रहेको समयमा स्थान विशेषमा आफ्नो निशान सुरक्षित राख्न सकिने स्थान भएको गण/गुल्मले साथै लैजाने प्रचलन छ। निशानहरु मध्ये एक त्रिकोणाकारको फर्दा वा पतका भएका साथै चन्द्र, सूर्य अङ्कित निशान भएका गण/गुल्महरु मध्ये नारायण दल गण पनि एक हो। नारायण दलले २०१७ साल फाल्गुण १७ गते यस पल्टनले निशान झण्डा पाएको थियो। प्रत्येक महिनको पहिलो एकादशीको दिनमा सत्य नारायणको पूजा समेत गर्ने गरिएको छ।



प. नि.

नारायण दल गणको निशानको पृष्ठभूमि बीचमा रातो र छेउमा हरियो रंगको कपडाले सजाईएको छ। निशानको डण्डीमा ११० तोला चांदीको सिक्रिले बेरिएको र निशानको डण्डीको बीचबीचमा सुनको जलप राखिएको छ।

## १७२ औं वार्षिक उत्सव सम्पन्न



गणको १७२ औं बार्षिकोत्सवको अवसरमा सञ्चालित अन्तरगुल्म खेलकुद प्रतियोगितामा च्याम्पियनशीप गोषित मद्दति गुल्म तथा ट्रफिसहित गण परिवार (वि.सं. २०६५)।

गत श्रावण १९ गते श्री नारायण दल गणको १७२ औं वार्षिक उत्सव सम्पन गरिएको थियो। उक्त अवसरमा गणका सकल दर्जा, परिवारजन, स्थानीय भद्र भलाद्मी, स्थानीय प्रशासनिक इकाईका कर्मचारी तथा पत्रकारहरुकोसमेत उपस्थिती रहेको थियो। १९ गते वार्षिक उत्सवको तीथि भएपनि उक्त दिन विधि पूर्वक निशान पूजा गरि २० गते सम्पन्न उक्त कार्यक्रममा गणको आन्तरिक श्रोत साधनबाट तयार सांस्कृतीक प्रस्तुति प्रदर्शन गरिएको थियो। वार्षिक उत्सव कै अवसरमा गत श्रावण २४ गते प्रधानसेनापति महारथी श्री रुकमाङ्गद कटवाल तथा श्री नं. ९ बाहिनीपति सहायक रथी श्री सुन्दर पुडासैनी नारायण दल गण हे.क्वा. रामेछाप आउनु भएको थियो। उक्त अवसरमा प्रधानसेनापतिले १७२ औं वार्षिक उत्सवको अवसरमा सञ्चालित अन्तरगुल्म प्रतियोगितामा च्याम्पियन घोषित मद्दती गुल्मलाई गणपति ट्रफी प्रदान गर्नु भएको थियो र उक्त गणपति ट्रफीको व्यवस्था पहिलो पटक गरिएको हो।

१७२ औं वार्षिक उत्सवको अवसरमा श्री नारायण दल गणले विभिन्न गतिविधिहरु सञ्चालन गरेको थियो। जसमा अन्तर गुल्म भलिवल, फुटबल, बास्केटबल, तानडोरी लगायत अन्य विभिन्न मनोरञ्जनात्मक कार्यहरु रहेका थिए। साथै स्थानीयबासीसँगैको समन्वयमा विभिन्न जनहित कार्यहरु समेत सञ्चालन गरिएका थिए।

## स्थापनाकाल देखि हालसम्म तैनाथ भएका स्थानहरु

यस गणले स्थापनाकालदेखि हालसम्म जङ्गी अड्डा, पृतना तथा बाहिनीबाट निर्देशन भएअनुसार नेपाल अधिराज्यभर तराई, पहाड र हिमालका विभिन्न स्थानमा रही सफलतापूर्वक जिम्मेवारी निर्वाह गर्दै आएको छ । वि.सं. १८९३ मा स्थापित भएपछि यो पल्टन कहाँ-कहाँ तैनाथ रही के-कस्ता जिम्मेवारी निर्वाह गऱ्यो भन्ने सम्बन्धमा धेरै ऐतिहासिक सत्य तथ्यहरु प्राप्त नहुनुमा यो पल्टन विभिन्न समयमा मिलिसियाको रुपमासमेत रहेकोले मिलिसियाको प्रकृति अनुसार नै स्थायी रुपमा स्थायी सगठित व्यारेकको हिसावले नरहने हुंदा तैनाथ रहेको स्थानको बिस्तृत विवरण फेला नपरेको अनुमान लगाउन सकिन्छ । प्राप्त सीमित ऐतिहासिक श्रोतहरुको आधारमा निम्नानुसार उल्लेख गरिएको छ ।

(क) **पौवागढी (वि.सं. १९०२)**:- वि.सं.१९०२ भन्दा अगाडि यो पल्टन कहाँ थियो भन्ने कुराको तथ्य जानकारी प्राप्त नभएता पनि मिलिसियाको रुपमा नारायण दल कम्पनी वि.सं. १९०२ मा पौवागढीमा रहेको तथ्य भेटिन्छ । सम्भवत यही स्थानबाट नै परिचालन भई वि.सं. १९११-१२ को नेपाल-तिब्बत युद्धमा नारायण दल पल्टनले वलाङचुङ्गगोलाको रणक्षेत्रमा ठूलो पराक्रम देखाएको थियो ।

(ख) **सिन्धुली (वि.सं. १९२३)**:- उल्लेखित तथ्यलाई बिचार गर्दा स्थापना काल वि.सं. १८९३ देखि वि.सं. १९०२ सम्म यस पल्टन कहां रहेको स्पष्ट नभएको देखिन्छ । वि.सं. १९२३ साल तिर भएको पल्टनको विभाजन अनुसार मिलिसिया कम्पनीको रुपमा नारायण दल सिन्धुलीमा रहेको थियो ।

(ग) **भक्तपुर (बि.सं २०२०-२०२५)**:- नं. ७ हिमाली राईफल कम्पनी भनिने श्री नारायण दल पल्टन २०२० देखि २०२५ साल सम्म भक्तपुरमा रहेको थियो ।

(घ) **बुटवल (वि.सं.२०२५ देखि २०२६ साल सम्म):-** नारायण दल गुल्म वि.सं. २०२५ फाल्गुण १७ गते हिमाली राईफल कम्पनीबाट नारायण दल गुल्म भनी नामाकरण भएको थियो । वि.सं. २०२६ सालमा यो गुल्म जोमसोममा स्थानान्तरण भयो ।

(ङ) **मुस्ताङ, जोमसोम (वि.सं.२०२६-२०३१):-** श्री नारायण दल गुल्म बुटवलबाट स्थानान्तण भई वि.सं. २०२६ सालमा श्री नं.३ वाहिनी अड्डा अन्तर्गत मुस्ताङ जिल्लाको जोमसोममा तैनाथ रहेको थियो । वि.सं. २०३१ सालमा जोमसोममा खम्पा निशस्त्रीकरण अपरेशन संचालित हुँदा श्री नारायण दल गुल्मका गुल्मपति सेनानी श्री लोक बहादुर थापासहित पुरै गुल्मले खम्पाहरुलाई पक्राउ गर्ने काममा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

(च) **त्रिशुली, नुवाकोट (वि.सं.२०३१-२०४१)**:- वि.सं. २०३१ सालमा श्री नारायण दल गुल्म काठमाण्डौ महाराजगञ्ज ब्यारेकबाट स्थानान्तरित भई नुवाकोट स्थित मैथली क्याम्प त्रिशुलीमा तैनाथ रहेको थियो ।

(छ) **रामेछाप ब्यारेक (वि.सं.२०४१-२०४४)**:- वि.सं. २०४१ सालमा श्री नारायण दल गुल्म मैथली क्याम्प त्रिशुलीबाट स्थानान्तरण भई श्री नं. १ वाहिनी अड्डा अर्न्तगत रामेछाप जिल्लाको रामेछाप व्यारेकमा तैनाथ रहेको थियो ।

(ज) **गोरखा/मर्स्याङदी तनहुं (बि.स. २०४४-२०५०)**:- वि.सं. २०४४ सालमा श्री नारायण दल गुल्म रामेछाप व्यारेकबाट स्थानान्तरण भई श्री नं. ६ वाहिनी अड्डा अन्तर्गत गोरखा जिल्लाको गोरखा बजार स्थित पोखरीथोक ब्यारेकमा तैनाथ रहेको थियो । उक्त समयमा यस गुल्म गोरखा दरबार र सिलेखाना बारुद रहेको पोष्ट संरक्षण कार्यमा खट्टिएको थियो ।

(झ) **परकौली व्यारेक, महोत्तरी (वि.सं.२०५०-२०५३):-** वि.सं.२०५० सालमा नारायण दल गुल्म मर्स्याङ्दी खानिखोला ब्यारेकबाट स्थानान्तरण भई महोत्तरी जिल्लाको परकौली व्यारेकमा तैनाथ भएको थियो ।

(ञ) **भैंसे ब्यारेक, मकवानपुर (वि.सं.२०५३-२०५६):-** वि.सं. २०५३ सालमा यस गुल्म पर कौली ब्यारेक महोत्तरीबाट स्थानान्तरण भई मकवानपुर जिल्लाको भैंसेमा तैनाथ भएको थियो ।

(ट) **रामेछाप व्यारेक (वि.सं.२०५६-२०६५):-**

वि.सं. २०५६/१०/१० गते श्री नारायण दल गुल्म भैंसे व्यारेकबाट स्थानान्तरण भई श्री नं. १ बाहिनी अड्डा अन्तर्गत रामेछाप जिल्लाको रामेछाप व्यारेकमा पुनः दोस्रो पटक तैनाथ भएको थियो ।

(ठ) **सिंहदरवार ब्यारेक (वि.सं. २०६५/१०/२६ गते देखि हालसम्म)**

श्री नं. ९ वाहिनीको निर्देशनअनुसार २०६५ पौष महिनाबट शूरु भई माघको महिनाको अन्तिम हप्तासम्म ४ चरणमा रामेछाप व्यारेकदेखि सिंहदरवार व्यारेकसम्म ५ दिनको पैदल मुभ भई सफलतापूर्वक स्थानान्तरण भएका छ । यसरी अधिकांश समय राजधानी भन्दा बाहिर रही कार्य सम्पादन गरि आएको यस गणले राजधानीस्थित सिंहदरवार व्यारेकमा स्थानान्तरण भई कार्य सम्पादन गर्न पाउनु आफैमा एक महत्वपूर्ण उपलब्धीको रुपमा हेरिएको छ ।

## श्री नारायण दल गणले विभिन्न युद्धमा पुऱ्याएको योगदान

**(क) नेपाल–भोट युद्ध (वि.सं. १९११-१२):-** वि.सं. १९०२ सालमा नारायण दल पल्टन पौवागढीमा तैनाथ गरिएको थियो । वि.सं.१९११-१२ सालमा नेपाल र भोट बीच युद्ध हुँदा नारायण दल पल्टनले वलाङ्गचुङ्गोलामा ठूलो पराक्रम देखाएको थियो । त्यसबेला नारायण दल पल्टनको नफ्री कति रहेको थियो र नारायण दल पल्टनको लडाईमा कस्तो भूमिका रहेको थियो भन्ने प्रष्ट हुन सकेको छैन ।

**(ख) खम्पा निशस्त्रीकरण (वि.सं. २०३१):-** चीनमा माओत्सेतुङ्गको नेतृत्वमा कम्युनिष्ट व्यवस्था लागू भएपश्चात् त्यहाँ साँस्कृतिक क्रान्ति (Cultural Revolution) को लहर चल्यो । त्यस बखत तिब्बतमा दलाई लामाले बुद्धधर्म गुरुको रुपमा शासन गरिरहेका थिए । कम्युनिष्टहरुको आदर्श अनुरुप तिब्बतीयन धार्मिक राज्य संरचनालाई भत्काई आफ्नो नियन्त्रणमा लिन चिनियाँ कम्युनिष्ट सेना वि.सं. २०२८ (ई.सं. १९७१) मा तिब्बतमा प्रवेश गऱ्यो । तत्पश्चात दलाई लामा भारतमा निर्वासित अवस्थामा रहे । कम्युनिष्ट साँस्कृतिक क्रान्तिको कट्टर विरोधमा रहेका दलाई लामाका सेनाहरु जो "खम्पा" कहलाउंथे, तिब्बतमा अवस्थित ६ वटा क्षेत्रहरु मध्ये खाम क्षेत्रका थिए । यिनीहरु वीर, साहसी र बहादुर जातिको रुपमा चिनिन्थे । तिनै खम्पा बिद्रोहीहरु चीन विरोधी गतिविधिहरु सञ्चालन गर्ने उद्धेश्यले नेपाल-चीन (तिब्बत) सीमाना पार गरी उत्तर-पूर्वी नेपालको हिमाली क्षेत्रहरु ओलाङ्चुङगोला, रसुवागढी र मुस्ताङ अनि उत्तर-पश्चिम हिमाली क्षेत्रहरु टिङ्करलिपु र व्यासघांटीमा शरणार्थी शिविर स्थापना गरी बसेका थिए । मुस्ताङमा यिनीहरु कैसाङ, कागबेनी, ठिनी, छुसाङ, मुक्तिनाथ, घमी आदि ठाउंहरुमा शिविर खडा गरि बसेका थिए । करिब ९ हजार खम्पा लडाकुहरु रहेकोमा मुस्ताङको कैसाङक्याम्प यिनीहरुको मुख्य क्याम्प थियो । भौगोलिक रुपले चीन र नेपाल सरकारको नजर नपुग्ने विकट ठाउँमा रहेर यिनीहरुले तिब्बती भू-भागमा मात्र नभई आफ्नो क्याम्प नजिकका नेपाली गाउँहरुमा समेत हत्या, बलात्कार, चोरी, लुटपाट जस्ता आतंक मच्चाउन थाले । यसै क्रममा चीन र नेपालको सरकारबीच खम्पा निःशस्त्रीकरण गर्ने निर्णयको आधारमा तत्कालीन श्री ५ को सरकारले खम्पा निशस्त्रीकणको लागि नेपाली सेनालाई आदेश जारी गऱ्यो । सोही आदेश बमोजिम नेपाली सेनाका विभिन्न मद्दती हतियारहरु संलग्न बाहिनीस्तरको फौज परिचालित भएको थियो । उक्त अपरेशनमा भाग लिने गण तथा गुल्महरुमा श्रीनाथ गण, राजदल गण, भैरवनाथ गण, कालीप्रसाद गण, गणेशदल गण, फष्ट रैफल गण, नारायण दल गुल्म, ईन्द्रध्वज गुल्म, अह्निदमन गुल्म, चन्दननाथ गुल्म आदि थिए । वि.सं. २०२६-३१ सालसम्म मुस्ताङ जिल्लाको जोमसोममा नारायण दल गुल्म अवस्थित रहेको हुंदा यस गुल्मले पनि गुल्मपति सेनानी श्री लोक बहादुर थापासहित खम्पा निःशस्त्रीकरण अपरेशनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । तत्कालीन प्र.से.(अ.प्रा. प्रधानसेनापति) सच्चित शम्सेर ज.व.रा.को नेतृत्वमा सञ्चालन गरिएको उक्त अपरेशनमा नारायण दल गुल्मले श्रीनाथ गणको एक हिस्सा भई सफलतापूर्वक कार्य सम्पन्न गरेको थियो । उक्त कारबाहीको अवधिमा नारायण दल गण (तत्कालीन गुल्म) जोमसोममा रहेको हुंदा खम्पा विरुद्ध लड्ने फौजको लागि समेत स्थानीय गुल्मको हिसावले उक्त क्षेत्रको भौगोलिक ज्ञान भएको कारण सो कारबाही सफल बनाउनमा महत्वपूर्ण भूमिका खेलेको थियो । नारायण दल गुल्मबाट नै खम्पा विरुद्ध परिचालित हुने अभ्यास गणको गण हबल्दार मेजरमा तत्कालीन गुल्म कार्य हुद्दा मान बहादुर बानिया (पछि मानार्थ उप सेनानीमा अ.प्रा.)लाई नियुक्ति गरिएको थियो । नारायण दल गुल्मले खम्पा निःशस्त्रीकरणको सिलसिलामा एम्बुस थाप्ने, ब्लकिङ्ग पोजिसन खडा गर्ने जस्ता अपरेशनल कारबाहीमा भाग लिएको थियो । उक्त कारबाहीमा नारायण दल गुल्म स्थानीय गुल्म समेत भएकोले विभिन्न बन्दोबस्ती कार्यमासमेत ठूलो भूमिका निर्वाह गरेको थियो ।

**(ग) प्रतिविद्रोह कारबाहीको दौरानमा नारायण दल गण**:- वि.सं. २०५८ साल मंसिरबाट विद्रोही बिरुद्ध नेपाली सेना परिचालन भएपछि नारायण दल गणले पनि आफ्नो जिम्मेवारी क्षेत्रमा विभिन्न प्रभावकारी सैनिक कारबाहीहरु सञ्चालन गरी सफलतापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गरेको थियो ।

## जनहितका कार्यमा श्री नारायण दल गण

नारायण दल गणले नारायण दल पल्टन तथा मिलिसियाको रुपमा रहंदा जनहितका कार्यहरु के-कति गरे भन्ने धेरै ऐतिहासिक सत्यतथ्य नभेटिएता पनि नारायण दल गुल्म र नारायण दल गुल्म गणमा परिणत भए पश्चात् गरेका प्राप्त जनहित कार्यहरु निम्न बमोजिम रहेको छन्:-

(क) वि.सं. २०३० सालमा मुस्ताङ्ग जोमसोममा रहंदा मुक्तिनाथ दर्शन गर्न विभिन्न ठाउंहरुबाट जाने दर्शनार्थीहरुलाई प्रतिकुल मौसम र उचाईको कारण उत्पन्न हुने स्वास्थ्य सम्बन्धी समस्या पर्दा आवश्यक सहयोग तथा उद्धार कार्य गर्ने गरेको ।

(ख) वि.सं. २०४१ देखि २०४४ बीच रामेछापमा रहंदा नारायण दल गुल्मले २०४२ सालमा रामेछाप जिल्लाको सुकाजोरस्थित टुडिखेल पूर्वको डांडामा १५०० चिलाउने र ३५०० सल्लाको बिरुवा लगाएको थियो । हाल उक्त क्षेत्र हरियाली भई पूर्ण विकसित जङ्गलको रुपमा रहेको छ ।

(ग) वि.सं. २०५० देखि २०५३ सम्म परकौली व्यारेक महोत्तरीमा रहंदा २०५० सालमा आएको बाढीबाट पीडित सर्लाही जिल्लाको बाग्मती, कर्मैया, मुर्तिया क्षेत्रमा उद्धार कार्य गरेको ।

(घ) वि.सं. २०५३ देखि वि.सं. २०५६ सम्म भैंसे व्यारेक मकवानपुरमा रहंदा २०५४ सालमा मकवानपुरको कालीटार भन्ने ठाउंमा आगलागी हुंदा आगो नियन्त्रणमा लिई गाउँलाई नष्ट हुनबाट बचाएको ।

(ङ) यस गुल्मले २०५८ सालको भाद्र महिनामा रामेछाप जिल्लाको वाम्ती भण्डार गा.वि.स वडा नं. १ मा पहिरो गई १० घर बगाउँदा उक्त क्षेत्रमा बफादारीपूर्वक उद्धार कार्य गरी जनधनको क्षति हुनबाट बचाएको ।

(च) वि.सं. २०६३ सालमा रामेछाप जिल्लाको दोरम्वा गा.वि.सं.वडा नं. ९ का स्थानीय जनता र सुरक्षा गुल्म दोरम्वाले संयुक्त रुपमा दोरम्वा बजारदेखि डढुवा गा.बि.स.को खोलाखर्कसम्म करिब ९ की.मी लामो घोडेटो बाटो निर्माण गरेको ।

(छ) वि.सं. २०६३ सालमा रामेछाप जिल्लाको दोरम्वा गा.वि.सं. वडा नं. ४ धोवी खोलास्थित जलेश्वर महादेव मन्दिर इलाकामा चौर तथा बाटो निर्माण गरेको । वि.सं. २०६४ सालमा वडा नं. ४ धोवि खोलास्थित श्री अरुणोदय प्रा.वि.मा ६ कोठे विद्यालय भवन र शौचालयको निर्माण गरेको । वि.सं. २०६४ सालमा वडा नं. ८ ढोही गाउँस्थित श्री जन-जागृति प्रा.वि.लाई नि.मा.वि.बनाउने क्रममा भवन निर्माण कार्यको लागि चौर सम्याउने कार्य गरेको । यसैगरी वि.सं. २०६४ सालमा काकलिङ उ.मा.वि.को शैक्षिक एवं भौतिक उन्नतिको लागि अनुदान रकम रु. १२,०१०।- सहयोग प्रदान गरेको ।

(ज) वि.सं. २०६३ सालमा रामेछाप गा.वि.सं.स्थित झगडिया चौतारीदेखि प्लाष्टिक पोखरीसम्मको करिव २ की.मी बाटो मरामत गरेको थियो भने २०६४ सालमा रामेछाप बजारस्थित बाल मन्दिर प्रा.वि.को भवन बनाउने कार्यमा सहयोग गरेको । साथै सोही बर्ष रामेछाप मुढाजोर जाने घोडेटो बाटोलाई मोटर बाटो बनाउन स्थानीय जनताबाट जग्गा माग भएकोमा नेपाली सेनाको नाममा रहेको जग्गा उपलव्ध गराइएको ।

(झ) वि.सं. २०६४/११/१५ गते श्री नारायण दल गण रामेछापले स्थानीय जनता एवं विद्यालयबीच रही आएको सुमधुर सम्वन्धलाई निरन्तरता दिदै रामेछाप बजारस्थित श्री गौरीशंकर उ.मा.वि.को ४५ औं वार्षिक उत्सवको अवसरमा विद्यालय परिसरमा आयोजित समारोहमा विद्यालय पुस्तकालयको लागि रु. २०,०००।- (बीस हजार) बराबरको पुस्तक तथा पुस्तक राख्ने दराज उपहारस्वरुप यस गणका गणपति प्र.से. श्री आश बहादुर तामाङले उक्त विद्यालयका व्यवस्थापन समितिका अध्यक्षलाई प्रदान गर्नु भएको थियो ।

(ञ) वि.सं. २०६५/०३/०१ गते देखि ऐ.को ५ गतेसम्म रामेछाप जिल्लाको भंगेरीमा अवस्थित भंगेरी नि.मा.बि.को पुरानो भवन भत्काई सोही स्थानमा नयाँ भवन बनाउनको लागि जमीन सम्याउने कार्यमा श्रमदान गरेको । साथै वि.सं. २०६५/०३/२६ गते विटारस्थित राम मन्दिरको संरक्षणार्थ तारको बार लगाई सहयोग गरेको थियो ।

(ट) यस गण रामेछापमा रहंदा गण तथा अर्न्तगत गुल्महरुले विगत द्वन्दकालीन अवस्थामा सुरक्षाको दृष्टिकोणबाट पेरिमिटर वृद्धि गर्दा तारवार भित्र परेको गैह्र सैनिक व्यक्तिहरुको ५१ रोपनी जग्गाको ६ वर्षको मु-अव्जा स्वरुप करिव ७ लाख रुपैयाँ सम्वन्धित जग्गा धनीहरुलाई वितरण गरेको थियो ।

## खेलकुदमा श्री नारायण दल गण

शान्तिकालीन अवस्थामा नेपाली सेनाका सम्पूर्ण युनिटहरुलाई भविष्यमा आई पर्ने जस्तोसुकै कार्य गर्नका लागि सक्षम बनाउन तयारी राख्ने नीति अनुसार सकलदर्जाको शारीरिक तन्दुरुस्ती कायम राख्न, पेशा सम्वन्धी अधिकतम ज्ञान बृद्धि गर्न प्रतिस्पर्धात्मक रुपमा स्तरबृद्धि गर्ने लक्ष्य राखी वि.सं. २०२४ सालदेखि नेपाली सेनाले विभिन्न प्रतियोगिता सञ्चालन गर्दै आएको पाइन्छ। नेपाली सेनाले यसरी सञ्चालन गरेका प्रतियोगिताहरु अन्तर्गत अन्तरगुल्म किङ्स ट्रन्चन संरक्षण ट्रफि, किङ्स ब्यानर, विभिन्न सैनिक अभ्यास, खेलकूद र सांस्कृतिक कार्यक्रम आदि पर्दछन्। उक्त प्रतियोगिताहरुमा नारायण दल गुल्मको उल्लेखनीय प्रदर्शन तथा उपलब्धीहरु गरेको छ।



*किंग्स व्यानर ग्रहण पश्चात इज्जत अर्पण कवाज प्रदर्शन गर्दै नारायण दल (तत्कालीन गुल्म) गण २०३८*

**(क) किंग्स ब्यानर प्रतियोगितामा श्री नारायण दल गण**

(१) वि.सं.२०३६ साल भन्दा पूर्वको किङ्स व्यानर प्रतियोगिताको नतिजाको अभिलेख प्राप्त नभएपनि प्राप्त तथ्यको आधारमा नारायण दल गुल्मले वि.सं. २०३६, २०३८ र २०५७ सालमा गरी तीन पटक प्रथम स्थान हासिल गर्न सफल भएको थियो।

(२) वि.सं. २०५७ सालको किङ्सव्यानरमा प्रथम भई यस गुल्मलाई शान्ति स्थापनार्थ UNTAET मा गुल्मको झण्डा सहित लाने अवसर प्राप्त भएको थियो। २०५७ सालको किङ्स ब्यानरमा प्रथम भई झण्डा यस गुल्मले लिएपछि किङ्स ब्यानर प्रतियोगिता नभएको कारण सो झण्डा हालसम्म पनि यस गणमै रही आएको छ। श्री नारायण दल गुल्मले किङ्स ब्यानर प्रतियोगितामा प्राप्त गरेको नतिजा निम्न अनुसार रहेको छ।

**श्री नारायण दल गणको किंग्स ब्यानर प्रतियोगिताको नतिजा**

| मिति | प्राप्त गरेको स्थान | गुल्मपतिहरु |
|---|---|---|
| वि.सं. २०३६ साल | प्रथम | सह.से.श्री सुवर्ण बहादुर थापा |
| वि.सं. २०३७ साल | तेत्तिसौं | सेनानी श्री चित्र बहादुर थापा |
| वि.सं. २०३८ साल | प्रथम | सेनानी श्री चित्र बहादुर थापा |
| वि.सं. २०३९ साल | छैठौं | सेनानी श्री चित्र बहादुर थापा |
| वि.सं. २०४० साल | नवौं | सेनानी श्री लंका प्रसाद लिम्बू |
| वि.सं. २०४१ साल | सातौं | सेनानी श्री लंका प्रसाद लिम्बू |
| वि.सं. २०४२ साल | सत्रौं | सेनानी श्री लंका प्रसाद लिम्बू |
| वि.सं. २०४३ साल | तेईसौं | सेनानी श्री नर बहादुर राउत |
| वि.सं. २०४४ साल | एघारौं | सेनानी श्री पूर्ण बहादुर लामा |
| वि.सं. २०४५ साल | पांचौं | सेनानी श्री पूर्ण बहादुर लामा |
| वि.सं. २०४६ साल | तृतीय | सेनानी श्री पूर्ण बहादुर लामा |
| वि.सं. २०४७ साल | तृतीय | सेनानी श्री अन्त सिंह गुरुङ |
| वि.सं. २०४८ साल | चौथा | सेनानी श्री अन्त सिंह गुरुङ |
| वि.सं. २०४९ साल | एघारौं | सेनानी श्री अन्त सिंह गुरुङ |
| वि.सं. २०५० साल | सताईसौं | सह.से. श्री कर्ण बहादुर राई (का.मु.) |
| वि.सं. २०५१ साल | बाह्रौं | सेनानी टिकाराम भट्ट |
| वि.सं. २०५२ साल | एकाईसौं | सेनानी श्री ख्याम बहादुर थापा |
| वि.सं. २०५३ साल | पन्ध्रौं | सेनानी श्री ख्याम बहादुर थापा |
| वि.सं. २०५४ साल | नवौं | सेनानी श्री नारायण बहादुर कार्की |
| वि.सं. २०५५ साल | छैठौं | सेनानी श्री नारायण बहादुर कार्की |
| वि.सं. २०५६ साल | तृतीय | सेनानी श्री नारायण बहादुर कार्की |
| वि.सं. २०५७ साल | प्रथम | सेनानी श्री भाईकृष्ण खत्री |

वि.सं. २०५८ साल देखि हाल सम्म उक्त प्रतियोगिता नभएको।

**(ख) अन्तर गुल्म भलिवल प्रतियोगितामा प्रथम (वि.सं.२०४४)**:- किङ्स ब्यानर गुल्मस्तर भलिबल प्रतियोगिता -२०४४ को फाइनल खेलमा श्री नारायण दल गुल्मले श्री स्काउटकार गुल्मलाई पराजित गरी प्रथम भएको थियो।

**(ग) अन्तर गुल्म भलिवल प्रतियोगितामा प्रथम (वि.सं.२०४८)**:- किङ्स ब्यानर गुल्मस्तर भलिबल प्रतियोगिता -२०४८ को फाइनलमा श्री नारायण दल गुल्मले श्री गोरखबक्स गुल्मलाई पराजित गरी प्रथम भएको थियो।

**(घ) अन्तर-गण बास्केटबल प्रतियोगिता द्वितीय (वि.सं.२०६४)**:- श्री नं. ९ बाहिनी अन्तर्गत वि.सं. २०६४/११/२४ गते बाट २०६४/१२/१० गते सम्म सञ्चालन भएको अन्तर गण बास्केटबल प्रतियोगितामा यस गणको टिमले द्वितीय स्थान ओगट्न सफल भएको थियो।



*तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहबाट नारायण दल गुल्मलाई किंग्स व्यानर प्रदान गरिदै - २०३८*

## नारायण दल पल्टन/गुल्मका पतिहरु

| दर्जा | नाम,थर | देखी | सम्म |
|---|---|---|---|
| उ.सं. | श्री नर बहादुर मगर | २०११ साल | २०१२ साल |
| सेनानी | श्री भीम विक्रम राणा | २०१२ साल | २०१३ साल |
| ,, | श्री फत्य बहादुर शाह | २०१३ साल | २०१४ साल |
| ,, | श्री मान बहादुर शाह | २०१४ साल | २०१५ साल |
| ,, | श्री धर्म विक्रम शाह | २०१५ साल | २०१६ साल |
| ,, | श्री केशर बहादुर खत्री | २०१६ साल | २०१७ साल |
| ,, | श्री डिल व. विष्ट | २०१७ साल | २०१८ साल |
| सह.से. | श्री गजेन्द्र विक्रम राणा | २०१८ साल | २०१९ साल |
| सेनानी | श्री भीम विक्रम राणा | २०१९ साल | २०२० साल |
| ,, | श्री रिद्धि जंग थापा | २०२० साल | २०२१ साल |
| ,, | श्री धन बहादुर कुंवर | २०२१ साल | २०२२ साल |
| ,, | श्री लोक शम्शेर राणा | २०२२ साल | २०२३ साल |
| ,, | श्री कालु सिंह गुरुङ्ग | २०२३ साल | २०२४ साल |
| ,, | श्री शम्वर व. विष्ट | २०२४ साल | २०२५ साल |
| ,, | श्री देवेन्द्र बहादुर शाह | २०२५ साल | २०२६ साल |
| ,, | श्री कृष्ण विक्रम राणा | २०२६ साल | २०२७ साल |
| ,, | श्री वद्रिदास कर्मचार्य | २०२७ साल | २०२८ साल |
| ,, | श्री कुण्डल विक्रम राणा | २०२८ साल | २०३० साल |
| ,, | श्री लोक बहादुर थापा | २०३० साल | २०३२ साल |
| ,, | श्री माधव प्रसाद शाह | २०३२ साल | २०३४ साल |
| सह.सं. | श्री दिप विक्रम राना | २०३४ साल | २०३६ साल |
| ,, | श्री सुबर्ण बहादुर थापा | २०३६ साल | २०३७ साल |
| सेनानी | श्री चित्र बहादुर थापा | २०३७ साल | २०४० साल |
| ,, | श्री लंका प्रसाद लिम्बू | २०४० साल | २०४२ साल |
| ,, | श्री नर बहादुर राउत | २०४२ साल | २०४३ साल |
| ,, | श्री पुर्ण बहादुर लामा | २०४३ साल | २०४६ साल |
| ,, | श्री अन्त सिंह गुरुङ | २०४६ साल | २०५० साल |
| ,, | श्री टिकाराम भट्ट | २०५० साल | २०५२ साल |
| ,, | श्री ख्याम व. थापा | २०५२ साल | २०५४ साल |
| ,, | श्री नारायण व. कार्की | २०५४ साल | २०५६ साल |
| ,, | श्री भाई कृष्ण खत्री | २०५६ साल | २०५८ साल |
| ,, | श्री शम्भु राज ढुङ्गाना | २०५८ साल | २०५९ साल |
| ,, | श्री राममणि पोखरेल | २०५९ साल | २०६१ साल |
| ,, | श्री ललित कुंवर | २०६१ साल | २०६२ साल |
| ,, | श्री मदन कुमार के.सी. | २०६२ साल | २०६३ साल |

## नारायण दल गणका गणपतिहरु

| दर्जा | नाम-थर | देखि | सम्म |
|---|---|---|---|
| सेनानी | श्री मदन कुमार के.सी.(का.मु.) | २०६२.०४.१९ | २०६२.०९.१९ |
| प्र.से. | श्री सुरज वावा सुनुवार | २०६२.०९.२० | २०६३/१२/१५ |
| प्र.से. | श्री आश बहादुर तामाङ | २०६३/१२/१६ | २०६५/१२/१७ |
| प्र.से. | श्री विष्णु प्रसाद चापागाई | २०६५/१२/१८ | - |

## नारायण दल गणका सि.सु/प्र.सु.हरु

| दर्जा | नाम,थर | देखि | सम्म |
|---|---|---|---|
| सु. | पुष्कर बहादुर बस्नेत | २०३३ | २०३८ |
| मा.उ.से. | श्री मान ब. वानिया | २०३८ | २०४३ |
| सु. | यज्ञ बहादुर बस्नेत | २०४३ | २०४७ |
| सु. | गणेश बहादुर थापा | २०४७ | २०५२ |
| मा.उ.से. | श्री होम बहादुर रा.म. | २०५२ | २०५९ |
| सु. | गुप्त बहादुर वानिया | २०५९ | २०६२.०६.०६ |
| प्र.सु. | गुप्त बहादुर वानियाँ | २०६२/०६/०७ | |

## जवान वर्ष - २०६५ मा गरिएका कार्यहरु

नेपाली सेना, जंगी अड्डाको निर्देशनअनुरुप श्री नारायणदल गणले २०६५ साललाई जवान वर्षको रुपमा विभिन्न जवानमुखीकार्यहरु गरि भव्यताको साथ मनाएको थियो। यसबाट गणलाई प्रत्येक वर्ष जवानमुखी भई कार्य गर्न प्रोत्साहन समेत मिलेको देखिन्छ। जवान वर्ष २०६५ मा नारायण दल गणले गरेका मुख्य कार्यहरु निम्न अनुसार रहेका छन्:

**रामेछाप व्यारेकमा रहदाः**

(१) गणका सकल दर्जाको लागि गणको आन्तरिक श्रोतबाट ओढ्ने Blanket, ट्र्याक सुट तथा खेल ड्रेसको व्यवस्था गरिएको।

(२) जवान वर्षको अवसर पारेर नारायण दल गणको ईतिहासको रुपमा नारायण दर्पण प्रकाशन गरि सम्पुर्ण सकल दर्जाहरुलाई तथा अन्य आवश्यक वितरण गरिएको।

(३) जवान भान्छाको लागि ५ वटा वीन मेरी सेट तथा थाल, गिलासको व्यवस्था गरिएको साथै हरेक जवान लाईनमा आवश्यक फ्यानको व्यवस्था गरिएको।

(४) मनोरञ्जनको लागि यस गणले प्रत्येक गुल्महरु, छुट्टिएर रहेका पोष्टमा टेलिभिजन, भलिबल, फुटबल, क्यारेम बोर्ड, टेवल टेनिस, जिम हलका सामानहरु आदिको व्यवस्था गरेको छ साथै बास्केटबल ग्राउण्डको निर्माण गरिएको।

(५) यस गण पुर्व गुल्म कै स्थानमा रहेकोले आधारभुत भौतिक संरचना अत्यन्त कम भएकोले आन्तरिक श्रोतबाट विभिन्न निर्माण तथा मर्मत कार्यहरु गरिएको। गण हे.क्वा.मा जवान ट्वाईलेट भान्छा, मुल गेट, प्रतिक्षालय, ग्यारेज, अधिकृत पदिक तथा जवानहरुको भान्छामा निमार्ण गरिएको। साथै अन्तरगतका सुरक्षा वेश सुकाजोर टावर, दोरम्वा र मन्थलीमा बासस्थानको लागि ट्रस घर कोत भान्छा तथा पोष्टहरुको निर्माण गरिको।

(६) दण्ड र पुरस्कारलाई उच्च प्राथमिकता दिई गणको कालो र सेतो बुकको व्यवस्था गरि सजाय तथा पुरस्कार दिन मिलाइएको।

(७) गणका सकल दर्जाहरुलाई विशेष कारणबाट आर्थिक समस्या परेमा गणको प्राईभेट फण्डबाट बोर्ड बसी विना व्याज रकम वितरण गर्न मिलाइएको।

(८) गण पुस्तकालयको व्यवस्था गर्नुको साथै प्रत्येक महिना नारायण बुलेटिन प्रकाशन गरिएको।

(९) खेल सामाग्रीको व्यवस्था गर्नुको साथै समय समयमा गुल्म स्तरीय विभिन्न खेल कार्यक्रम आयोजना गरिनुका साथै वडा दशै र चैते दशै लगायत अन्य सयममासमेत जवानहरुलाई बडा खाना व्यवस्था गरिएको।

**सिंहदरवार व्यारेकमा स्थानान्तरण भएपछि :**

जवान वर्ष २०६५ को अन्त्य तथा नयाँ वर्ष २०६६ को अवसरमा गत चैत ३१ गते श्री नं. १ बाहिनीपति सहायक रथी श्री हिमालय थापाको समुपस्थितीमा यस गण हाता भित्र जवान वडा खानाको आयोजना गरिएको। उक्त कार्यक्रममा बाहिनीपतिले जवान वर्ष २०६५ मा उत्कृष्ट घोषित वर्ष जवान सिपाही पेमा लामा तथा गणको लागि विशेष कार्य गर्ने हुद्धा ध्रुंव अधिकारीलाई पुरस्कार प्रदान गर्नुका साथै जवान भान्छाको निरीक्षण साथै गणका सकलदर्जालाई समसामयिक विषयमा सम्वोधन समेत गर्नु भएको थियो।

(१) पिउने पानी तथा हाईजीन तथा सेनिटेसनलाई ध्यान दिई ट्वाईलेटको सेफ्टी ट्याङ्की ढल निकाश कार्यालयसँगै समन्वय गरि सफाई गरिएको। साथै सेफ्टी ट्याङ्की बनाउन पहल भइरहेको।

(२) यस गणले बिजेश्वरी परिवार आवास गृहमा प्राप्त ८ कोटामा हाल श्री जंग गणका पदिक तथा अन्य दर्जाहरुले उपयोग गर्दै आएकोमा पत्रचार गरि प्राथमिकताको आधारमा श्री नारायण दल गणको सकलदर्जालाई आवास सुबिधा उपलब्ध गराउदै लैजाने व्यवस्था मिलाइएको।

(३) सकल दर्जाहरुमा UNIT SPIRIT तथा अनुशासनमा थप टेवा दिन बोर्ड बसी गणको लोगो राखेको ढाका टोपी खरिद गर्ने मिलाइएको।

(४) सफा पिउने पानीको उचित प्रबन्ध नभएकोले हाल प्रत्येक गुल्ममा शुद्ध पिउने पानीको लागि ६ वटा नयाँ युरो गार्डको व्यवस्था गरिएको।

(५) यस गणमा रहेको ६ वटा (सिंहदरवार स्थानान्तरण पछि थप १) जवान भान्छामा बिनमेरीको ब्यवस्था गरीएको।

(६) ४ वटा जवान डाईनिङ्ग हल, मनोरञ्जन कक्षमा तथा अधिकृत तथा पदिक लाईन, कार्यालय, गणपति बंगला, एम.आई. रुममा नयाँ कार्पेट विछ्याइएको।

(७) अधिकृत मेशमा अट्याच अधिकृतको चापलाई ध्यान दिई १५ लिटर को राईस कुकर तथा सम्पूर्ण गुल्मको जवान भान्छामा १५ लिटर जाने प्रेसर कुकर साथै मन्त्री गार्ड खट्िने टोलिलाई समेत कुकरको व्यवस्था गरि एको।

(८) क्वाटर गार्ड तथा गणको अन्य कार्यको लागि गणको आन्तरिक श्रोतबाट ५० वटा मण्डी खरिद गरिएको।

(९) वर्षभरिमा गणलाई विशेष योगदान पुऱ्याउने व्यक्तिहरु ११ जना सकल दर्जाहरुलाई छनौट गरि चैते दशैंको अवसरमा गणपतिबाट पुरस्कार वितरण गरिएको।

(१०) सकल दर्जाको खासगरि अफिस रनर तथा ईण्ट कलेक्सनको लागि गणको आन्तरिक श्रोतबाट ३ वटा साइकल खरिद गरिएको।

(११) गणको संक्षिप्त परिचय झल्कने ऐतिहासिक बोर्ड तयार गरि सैनिक संग्राहालय छाउनी तथा गण पुस्तकालयमा राखिएको।

(१२) माथि उल्लेखित विभिन्न कल्याणकारी कार्य लगायत गणपति, बाहिनीपति, पृतना चिफ अफ स्टाफ लगायत पृतनापतिबाट समेत सकलदर्जालाई रोलकाल गरि फौजको उच्च हौसला कायम राखिएको।


# फोटो फिचर



दोरम्वामा विद्यालय भवन निर्माणार्थ श्रमदान गर्दै नारायण दल गणका सकल दर्जाहरु (२०६४)।



नं. १ बाहिनी पति स.र. श्री हिमालय थापा गणका सर्वोत्कृष्ट वर्ष जवान सि. पेमा तामाङ्गलाई पुरस्कार वितरण गर्नु हुदै (२०६५)।



रामेछाप स्थित भंगेरी नि.मा.वि. भवनको निर्माणार्थ सहयोग गर्दै नारायण दलका सकल जवानहरु (वि.सं. २०६४)।

## नारायण दल गण गान

रचनाः- प्र.से. आश बहादुर तामाङ

जन्मभूमिको, रक्षा गर्ने बल, नारायण दल
हामी सबैको, एउटै साझा बल्, नारायण दल्।

डांडाकांडा भेल तरी, संधै अघि बढ्दछौं,
नेपाल र नेपालीको, निम्ति बली चढ्दछौं।
कहिल्यै नझुक्ने, सगरमाथा झैं शिर
नारायणदल् हाम्रो, हामी नारायणदल्को वीर्॥

जन्मभूमिको, रक्षा गर्ने बल, नारायण दल
हामी सबैको, एउटै साझा बल्, नारायण दल्।

खुकुरी राईफल् बोकी, निशान्लाई सलाम् गर्छौं
एक् थोपा रगत् छइन्जेल्, रणभूमिमा लड्छौं।
गर्नू रक्षा देश्को भई, वीर् पराक्रमी सन्तति
वींडो थाम्छौ पुर्खाको, वीरता र अमरख्याति॥

जन्मभूमिको, रक्षा गर्ने बल, नारायण दल



निशानलाई रामेछापबाट सिंहदरबारमा स्थानान्तरण गरिदै।



स्थानीय काकलिङ्ग उच्च मा.वि. दोरम्बालाई विभिन्न पुस्तकहरु प्रदान गर्नु हुँदै गणपति प्र.से. आश बहादुर तामाङ




अन्तर गुल्म भलिबल प्रतियोगिता २०४४ मा प्रथम भए पछि शिल्ड सहित नारायण दल गणका खेलाडीहरु।

## तालिम गतिविधि

वर्तमान अवस्थाको राजनैतिक परिवर्तनसँगै यस गणका सकल दर्जालाई पेशागत ज्ञान अभिवृद्धि गर्न/गराउन गत आर्थिक बर्षमा विभिन्न तालिमहरु सञ्चालन गरि सकिएको छ। आगामी आर्थिक बर्षमा समेत वार्षिक तालिम निर्देशन बमोजिम तालिम गरिएको छ साथै सकलदर्जाको पेशागत ज्ञानलाई अभिवृद्ध गर्न सामुहिक तालिम (रेञ्जर गणको स्पेशल प्याकेज सहित) तथा ऋएह जस्ता तालिमसमेत गरिएको छ।

यसका अतिरिक्त गणको आन्तरिक श्रोत, साधानबाट पनि विभिन्न तालिमहरु सञ्चालन भएका छन् । जसमा युनिट आधार, ड्रिल (सम्मान गारत, क्वा.गार्ड, मरुवा गार्ड आदि), आर.पी. तालिम, वेटर तालिमरहेका छन्। यसैगरि समसामयिक दौतरी शिक्षा तालिमसमेत गराइएको छ ।



तालिमको एक दृश्य।

## विश्व शान्ति स्थापना कार्यमा श्री नारायण दल गण

नेपाली सेनाले १२ जून, १९५८ बाट हाल सम्म विभिन्न संयुक्त राष्ट्र संघीय शान्ति स्थापना कार्यमा सहभागिता जनाउँदै आएको छ। संयुक्त राष्ट्र संघीय शान्ति स्थापना कार्यमा सहभागिता जनाउन थालेको यो ५१ बर्षको अवधिमा ३२ वटा विभिन्न मिशनहरुमा नेपाली सेनाका ६४ हजार भन्दा बढी विभिन्न दर्जाका व्यक्तिहरु सहभागि भइसकेका छन्। यसै प्ररिप्रेक्ष्यमा वि.सं. २०५७ सालको अन्तरगुल्म किङ्स ब्यानर प्रतियोगितामा नारायण दल गण (तत्कालीन गुल्म) ले प्रथम स्थान हासिल गरी २०५७ सालमा पहिलो पटक गुल्मको झण्डा लिई UNTAET मा भाग लिने सु-अवसर प्राप्त गरेको थियो। संयुक्त राष्ट्र संघको आह्वानमा पूर्वी टिमोर स्थित शान्ति स्थापना कार्यमा खट्टिएको श्री ईन्द्रध्वज गुल्म (हाल गण) शा.से. दोश्रो डफ्फालाई बदली गर्न श्री नारायण दल गुल्म (हाल गण) शा.से. तेश्रो डफ्फाको रुपमा उक्त मिशनमा गएको थियो। Birendra Peace Operation Training Certre (BPOTC)पांचखालमा ६ महिना तालिम गरेपछि गएको यस गुल्मको तेश्रो डफ्फा (Nep Coy -III) लाई श्री बज्रदल गुल्म चौथो डफ्फाले बदली गरेको थियो। १५५ जना नफ्रि रहेको उक्त Nep Coy -III का गुल्मपति सेनानी (हाल म.से.) श्री प्रभुराम शर्मा हुनहुन्थ्यो।




जवान वर्षको अवसरमा आन्तरिक स्रोतबाट खरिद गरिएका सामानहरु



गणको नवनियुक्त गणपति प्र.से. श्री विष्णु प्रसाद चापागाईलाई स्वागत गर्नु हुँदै तत्कालीन गणपति प्र.से. श्री आश बहादुर तामाङ

# सिपाहीका श्रष्टाहरुको कदर

प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवालले यही बैशाख १ गते श्री त्रिभुवन आर्मी अफिसर्स क्लबमा नव वर्षको उपलक्ष्यमा आयोजना गरिएको रात्री भोजको अवसरमा नेपाली सेनाद्वारा महाशिवरात्री तथा सेना दिवसको उपलक्ष्यमा २०६५ सालमा प्रकाशित सिपाही बार्षिक वर्ष ४१ अङ्क ४२ मा उत्कृष्ट लेख रचनाहरु लेख्नुहुने श्रष्टाहरुलाई शिल्ड, नगद तथा प्रमाण पत्र प्रदान गर्नुभयो ।

सिपाही बार्षिक अङ्क ४२ मा लेखतर्फ व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री गौरव शम्सेर ज.ब.रा प्रथम, सेनानी श्री भुवन खत्री द्वितीय र प्रमुख सेनानी श्री सुर्यप्रसाद खनाल तृतीय हुनभएको छ । यस्तै प्राध्यापक डा. श्री षडमुख बहादुर थापा, डा. श्री गोविन्द प्रसाद ढकाल तथा श्री युवराज गौतमले सान्तवना पुरस्कार प्राप्त गर्नुभएको छ ।

साथै सोही अवसरमा सिपाही बार्षिकमा प्रकाशित लेख रचनाहरुको स्तर-निर्धारण गर्न सहयोग पुऱ्याउनु हुने गैरसैनिक विद्वानहरु डा. श्री घनश्याम खतिवडा, उप प्राध्यापक श्री अविनाश श्रेष्ठ र श्री मुकुन्द प्रसाद लामिछानेलाई पनि प्रधान सेनापति महारथी श्री कटवालले प्रशंसा पत्र प्रदान गर्नुभयो ।

नेपाली सैनिकलाई चिन्तन मनन् र लेख्नकालागि प्रोत्साहनस्वरुप वर्षेनी पुरस्कृत गरिने परम्परा अनुरुप सो पुरस्कार प्रदान गरिएको हो ।



प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवाल सिपाही बार्षिकमा प्रकाशित लेखमा सर्वोत्कृष्ट हुनु भएका उपरथी श्री गौरव शम्सेर ज.ब.रा.लाई पुरस्कार प्रदान गर्नु हुँदै ।

# बाहिनीपति ट्रफी २०६५ सम्पन्न

## श्री नं. २१ वाहिनी अड्डा

श्री नं. २१ वाहिनी अड्डामा सञ्चालन भएको 'वाहिनीपति ट्रफी २०६५' गत चैत्र ३१ गते सम्पन्न भएको छ । प्रतियोगिता समापनका क्रममा वाहिनीपति सहायक रथी श्री राज राणाले विजयी हुने विभिन्न गणहरु तथा खेलाडीहरुलाई पुरस्कार प्रदान गर्नुभयो ।

सो वाहिनी अन्तर्गतका गणहरु सहभागी रहेको उक्त ट्रफी प्रतियोगिता अन्तर्गत फुटबलतर्फ श्री जबरजंग गण प्रथम र श्री बटुकदल गण द्वितीय, बास्केटबलतर्फ श्री बटुबदल गण प्रथम



बाहिनीपति स.र. श्री राज राणा "बाहिनीपति ट्रफि २०६५" मा प्रथम हुने जबरजंग गणका गणपति प्र.से. श्री बालकृष्ण खड्कालाई ट्रफि प्रदान गर्नु हुँदै ।

र श्री जंबरजंग गण द्वितीय, भलिबलतर्फ श्री जबरजंग प्रथम र श्री भवानीदल गण द्वितीय तथा एथलेटिक्सतर्फ समग्रमा श्री जवरजंग गण प्रथम र श्री भवानीदल गण द्वितीय भएको थियो । सम्पूर्ण खेलहरुको अङ्क तालिका अनुसार श्री जबरजंग गणले यस वर्षको नं. २१ वाहिनी च्याम्पियन ट्रफी प्राप्त गर्न सफल भएको छ ।

सो समारोहलाई सम्बोधन गर्नुहुँदै वाहिनीपति श्री राणाले स्वस्थ शरीर तथा स्वस्थ मस्तिष्क भएका सैनिक व्यक्तित्वले मात्र आफूलाई सुम्पिएको जिम्मेवारी सहज तथा सरल ढंगबाट पुरा गर्न सक्ने वताउनु हुँदै खेलको माध्यमद्वारा सेनामा नेतृत्व, एकात्मक तथा समूहिक भावना तथा अनुशासनमा अभिवृद्धि गराउन मद्दत पुग्नेसमेत बताउनु भएको थियो । उक्त कार्यक्रममा सोही वाहिनी अन्तर्गतका गणपति तथा गुल्मपतिहरुकोसमेत उपस्थिति रहेको थियो ।

# सिपाहीको चौतारीमा विजय लामा




पेशाले पाइलट, नायक, गायक अनि कार्यक्रम प्रस्तोता थुप्रै परिचय छ उहाँको, तर आफूलाई मात्र नेपाल आमाको छोरो अनि विशुद्ध नेपाली मन भएको नेपाली भनेर चिनाउन रुचाउनु हुन्छ उहाँ । प्राय सँधै व्यस्त रहने र कुनै न कुनै श्रृजनात्मक कार्य गर्न रुचाउने उहाँ आफूलाई व्यस्त छैनभन्दा ढाँटेको मान्नु हुन्छ । विहान उठेदेखि नै व्यस्त रहने उहाँ हामी उहाँको निवासमा पुग्दा पनि बाहिर निस्कने तयारीमा हुनुहुन्थ्यो । बहुप्रतिभाशाली व्यक्तित्वका धनी विजय लामा, यस अङ्कको चौतारीमा सिपाहीले उहाँसंग केहीवेर भलाकुसारी गरेको थियो । प्रस्तुत छ सो कुराकानीको केही अंश-

सिपाही- यी सबै कामकोलागि समय कसरी मिलाउनु हुन्छ ?

विजय- मान्छेहरु पहिलेदेखि नै ढाँट्ने गर्छन मेरो समय छैन भनेर । रमाइलो गर्नु पऱ्यो भने दश घण्टा विताए पनि समय नगएजस्तो हुन्छ तर कुनै कियटिभ काम गर्नु पऱ्यो भने चाहि पाँच मिनेट पनि धेरै विताएजस्तो हुन्छ । त्यसैले आफ्नो काममा रमाउनु पर्छ ।

सिपाही- सैनिक बन्छु भन्ने विचार थियो ?

विजय- जहिले पनि थियो । बच्चादेखि नै मेरा बुवाले मलाई युनिफर्म कै लुगा ल्याइदिनु हुन्थ्यो । मेरो पारिवारिक पृष्ठभूमि पनि सैनिक भएकोले मलाई पनि रहर लागेको हो ।

सिपाही- सेनामा भर्ती हुन कोसिस गर्नु भयो कि भएन ?

विजय- हुन खोजेको त हो, तर आमाले मान्नु भएन ।

( हाँस्दै.........ब्रिटिस आर्मीतिर भिड्न दिनु भएन, नेपालमा चाँही म नै अमेरीकाबाट ढिलो आएँ । नत्र आज म पनि फुल कर्णेल अथवा ब्रिगेडिएर जर्नेलका लाइनमा हुन्थे अझै लामो हाँसो .....)

सिपाही- सैनिक पेशा कस्तो लाग्छ ?

विजय- (अलि गम्भीर हुँदै ) पेशा म भन्दिन यसलाई यो प्रिन्सीपल हो, यो एटिच्युड हो । सैनिक जीवन भनेको डिसिप्लेन हो, म जहिले पनि थ्री डी (**Three D**) मा विश्वास राख्ने गर्छु किन कि म पनि एउटा बर्दी धारण गर्ने व्यक्ति भएको हुनाले डेडिकेसन, डिभोसन र डिसिप्लेन सबै चीज मिश्रण भएपछि मात्र यो बर्दी लगाउन पाइन्छ । बर्दी लगाउनको लागि सक्षम व्यक्ति आउन पर्छ, आर्मी भनेको एउटा छुट्टै महत्व रहेको सँस्था हो । यसलाई पेशा भनेर म सानो गर्न चाहन्न र आर्मीको रोल देशमा ठूलो हुन्छ ।



'बर्दी भनेकै अनुशासन हो'

सिपाही- नेपाली सेना सम्बन्धी चलचित्र आर्मीमा पनि अभिनय गर्नु भयो, युनिफर्म लगाउँदा कस्तो अनुभव रह्यो ?

विजय- त्यो भन्दा पहिला पनि लगाएको थिए मैले कोसेली भन्ने चलचित्रमा क्याप्टेन भूमिकामा युनिफर्म र बुट लगाएको थिएँ मलाई सबैले सुहायो भन्थे । जब मैले तपाइँहरुको चुस्ता लगाएँ आफूलाई आर्मीजस्तै लाग्यो । सबैले जिउडाल, बियरिङ्ग पनि आर्मी कै जस्तो छ भन्थे ।

सिपाही- अनि सुटिङ्गको बेलामा सैनिक व्यारेकहरुमा पुग्दा कस्तो अनुभव भयो ?

विजय- म त सुटिङ्गमा भन्दा पहिलादेखि नै व्यारेकहरुमा जान्थें । एयरपोर्टमा रहेको नेपाली सेनाको ११ बाहिनीमा म पुगिरहन्थे, म आफू पाइलट भएकोले सेनाका पाइलट साथीहरुलाई भेट्थे । मित्रहरु थुप्रै छन् मेरो, उनीहरुसँग बस्दा ए तँ आर्मी होइनस है भन्दा म चाहिं सधै हुँ भन्थे । फेरि हाँस्दै, कैलाश गुरुङ्ग पाइलट करसाप् त झन मेरो हितैषी मित्र हुनुहुन्छ, उहाँलाई त म सैनिकभन्दा पनि एक उत्कृष्ट गीतकारको रुपमा लिन्छु ।

सिपाही- नेपाली सेना कस्तो लाग्छ ?

विजय- नेपाली सेना हाम्रो सार्वभौम, हाम्रो इज्जत सुरक्षाको निम्ति चौबीसै घण्टा, हरेक हप्ता, महिना, वर्ष, वर्षौवर्ष युगान्तरसम्म हामीहरुको निम्ति जीवनको आहुती चढाउँदै आएको एउटा सँस्था हो, जसलाई हामीले सँधैं शीरमा राख्नु पर्छ, सम्मान गर्नु पर्छ । अस्ति भर्खरको उदाहरण हेर्नुस् त, रामेछापमा आगो निभाउन जाँदा १३ जना सैनिकहरुले आफ्ना ज्यान नै गुमाए । म त उहाँहरुको त्यो बलिदानीको लागि हृदयदेखि नै सलाम गर्छु ।

सम्बन्धी नकरात्मक टिक्का टिप्पणीहरु आउँछ नि ?

बुझ्दैन, उसले यस्तो भन्छन् । रामेछापको घटनाबाट पुष्टि भइसकेको छ नेपाली सेनाको पवित्र कार्यको ।



सिपाही- एउटा कुरा सोधौं हवाइजहाज उडाउँदा कस्तो हुन्छ ?

विजय- (लामो हासोपछि) आकासको राजा मलाई कसैले रोक्न सक्दैनजस्तो लाग्छ ।

सिपाही- गायन चाहिँ के भइरहेको छ ?

विजय- गाउँदै छु नयाँ नयाँ गीत कम्पोज भइरहेको छ, गीत आफै लेख्छु । (आफैं गुन्गुनाउंदै) "यो कुन लडाइँ लड्दै छौ तिमी, कस्को निम्ति मर्दै छौ तिमी ? ... शान्तिको मार्गमा लम्किने पाईलाहरु, युद्धभूमिमा किन लम्काउदै छौ ? आफ्नो नेपाल आमाको मुटु चिरी कुन आमाको मुटु पुर्न खोज्दैछौ, कस्को निम्ति मर्दै छौ? "

सिपाही- नेपाली सैनिक साथीहरुलाई के भन्न चाहनु हुन्छ ?

चाहन्छु भने बर्दी भनेकै अनुशासन हो । अनुशासनभित्र शक्ति लुकको हुन्छ, र त्यही शक्तिले नै अगाडी बढ्न आँट आउँछ । तपाईहरु जसरी राष्ट्रभक्तिमा समाहित हुनुहुन्छ, सँधैं भइरहनुहोस्, तपाइँहरुको निम्ति हामी छौ । तपाइँहरु एकजुट, एक ढिक्का हुनुहोस् । Divided We Fall, United We Stand. आर्मीले बुझ्नु पर्ने कुरा यही हो ।

सिपाही- अनि नेपाली सेनालाई ?

विजय- नेपाली सेना पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर बसेको सम्पूर्ण नेपालीको हो । तपाइँहरु हाम्रो शक्ति हो । हामी सम्पूर्ण नेपालीको राष्ट्रिय सेना हो ।

*रामेछापमा वीरगति प्राप्त १३ वीर सपुतहरु प्रति समर्पित केही रचनाहरु :*

## सलाम

प्र.से.श्री झपट बहादुर था.म.
का.र.वि.(बे.वृ.)

सिङ्गै गाउ निल्न उद्दत
दावानलको प्रवल प्रकोप
विनासी हातको कुकृत्य किंवा
प्रकृतिकै थियो कोप

गगन भेदी कालो धुँवा
बढ्दो थियो आगो आँधी
मृत्युले निवास रच्दै थियो
फैलाई सर्वत्र भयानक व्याधि

मृत्युसँग लप्का खेल्दै
लड्दै थिए केही कर्मवीर
मनमा थिएन मृत्यु भय
थियो केवल देशको पीर

चाट्यो लप्काले पवित्र वदन
राष्ट्रकै गर्व राष्ट्रको धन
हास्दै कर्म पथमा कर्मवीर
गौरव साथ बिसाए धर्तीमा तन

सकल सेनाको सलाम कर्मवीरलाई
कहिल्यै नझुक्ने स्वाभीमानी शिरलाई
मृत्यु पचाई कर्तव्यपथमा
डट्ने सुयोग्य सैन्य वीरलाई

## हे वीर सिपाही ! श्रद्धाञ्जली तिमीलाई

*सिपाही मधु अधिकारी*
*श्री बरख गण, कैलाली ।*

जन्म लियौ पावन पवित्र पुण्यभूमिमा
आफ्नो मातृभूमिको रक्षा गर्नलाई
प्राण उत्सर्ग गर्‍यौ नेपाल आमाको काँखमा
हे वीर सिपाही ! श्रद्धाञ्जली तिमीलाई ।
कर्तव्यनिष्ठ भै गर्‍यौ कर्म यस धरतीमा
सिपाहीको गौरव उच्च बनाउनलाई
विलिन भयौ सम्पूर्ण नेपालीको नयनमा
हे वीर सिपाही ! श्रद्धाञ्जली तिमीलाई ।

पर्वाह नगरी ज्यानको होमियौ आगोको लप्कामा
वनको रक्षार्थ शेर बनी विनाश रोक्नलाइ
व्यक्तिगत स्वार्थ राखेनौ मन मन्दिरमा
हे वीर सिपाही ! श्रद्धाञ्जली तिमीलाई ।

प्रार्थना गर्नेछौं नेपाल आमाको शरणमा
यस्तै साहसी र वीर सिपाही जन्माउ भन्नलाई
गर्व गर्नेछौ हृदय खोली तिम्रो वीरताको
हे वीर सिपाही ! श्रद्धाञ्जली तिमीलाई ।

चिर-निन्द्रामा पर्‍यौ व्युँताई राष्ट्रभक्ति मनमा
गर्दछौं सल्युट तिमी अनि तिम्रो वीरतालाई
सम्मान गर्नेछौ तिम्रो राष्ट्रभक्तिको
हे वीर सिपाही ! श्रद्धाञ्जली तिमीलाई ।

## श्रद्धाञ्जली

*सि. ईश्वर कठायत, श्री नं ५ सै.ता. गुल्म*

"सिकायौ पाठ सारालाई "
कोही पूर्व कोही पश्चिम
तर सबै एक हौ भनि
"सिकायौ पाठ सारालाई "

सेना देशकै लागि हो भनि
तेरोमेरो कसैको नभई
देशकै सम्पती थियो त्यो डाँडा
गए वीर साहसका साथ
आगो निभाउँछु भनि
गुमाए बरु आफ्नै ज्यान
लगेन कसेको केही पनि
हटेनन् पछाडी ती वीर सेना
मर्छौ की क्या हो भनि
सिकायौ पाठ सारालाई
सेना देशकै लागि हो भनि
भोग प्यास केही नभनि
आगोसंग लडि रहे
हस्पिटल डाँडा बचाई राखे
सच्चा राष्ट्र सेवक बनि
सिकायौ पाठ सारालाई
सेना देशकै लागि हो भनि
तेह्र आत्मा खुसि रहुँन्
स्वर्गमा नै वास मिलोस्
दुःख कष्ट केही नपरोस्
प्रार्थना छ हाम्रो पनि
आफू गयौ छाप छोड्यौ
सेना देशकै लागि हो भनि

*व्यङ्ग्य-विनोद*

## हवल्दार मेजर कहाँ छ ?

*सिपाही पुस्कल पौडेल*
*श्री रुद्रध्वज गण धुलिखेल*

सिट्ठी कर्ड र सिट्ठी छ हातमा
गोजीमा छ डायरी, कलम छ साथमा
सिट्ठी बजाकै भरमा जागिर खा'छ ,
खै त ! कतै देख्दिन नि !
हल्दार मेजर काँ'छ ...?
जुनसुकै बेला पनि सामेल गर्‍या'छ
मध्य रात, विहान, दिउँसो होस् या बेलुका
जुनसुकै बेला पनि सामेल गर्‍या'छ !
सोध-पुछ, जाँच बुझ केही छैन
कसलाई के पीर पर्‍या'छ !
सिपाही, विल्लादारहरुको दाहिना
उसको स्थान जहाँ छ
खै सिट्ठी फुक्ने बेला भयो
हल्दार मेजर काँ'छ !
यता घुम्छ, उता घुम्छ घुमेरै पनि अन्तमा
अब त अति भो ! साह्रै टेन्सन छ भन्छ
टेन्सन उसलाई एउटै कुरामा
सतर्क भै ! सिट्ठी फुक्न गाह्रो भा'छ
अब त बेला भयो त
हल्दार मेजर काँ' छ
खै त ! कतै देख्दिन नि
हल्दार मेजर काँ'छ ?

## वीर सैनिक

*प्युठ तिल विक्रम चेम्जोङ्ग*
*श्री काली भञ्जन गण (ई) पोखरा ।*

वीर सैनिक हौं हामी, गर्छौं देशको रक्षा
आफ्नो ज्ञान र कौशलतामा रहि सँधै दक्ष ।
शिरमाथि सगरमाथा राखि मान्छौ गर्व
देशको माटो बँचाई राख्ने यही हाम्रो धर्म ॥

विकासको लहरमा फुटाउँदै मुल
परिश्रम र पसिनाको वगाउँदै भल ।
आनन्द र विलासजति पछि हाम्रो लागि
मर्नै परे देशको निम्ति लड्छौ ज्यान त्यागि ॥

युगौयुग पुरानो छ इतिहासको पाना
संसारभरि फैलाउने छौ नेपालीको शान ।
कयौ पटक हराई सक्यौ कति वैरीलाई ।
शिरोपर राख्छौ हामी दिव्य उपदेशलाई

निशान हाम्रो चन्द्र सूर्य सितल छ छायाँ
छातीभरि छताछुल्ल स्वदेशकै माया ।
चन्द्र सूर्य आकाशमा रहि रहे सम्म
वीर सैनिक लड्छौ हामी प्राण रहेसम्म ॥

जस्तो सुकै आपत्तिमा एक भई लड्छौ
नेपाल आमाको सपनालाई पूरा गरी छोड्छौ ।
पी.टी.परेड, तालिममा लागि रहन्छौ दैनिक
जन्मभूमि जोगाई राख्ने हामी वीर सैनिक ॥

## "नेपाली सेना"

अम. दिल कुमार राई
श्री का.प्र. गण (ई) एयरपोर्ट

हामी नेपाली सेना हौं, छैनौ कोही पराई
देशको रक्षा गर्नलाई पछि हट्दैनौ डराई ॥

संस्था नै यो पवित्र छ, न हो कसैको पेवा
कर्तव्य कठोर भएपनि, गर्छौं देशको सेवा ॥

घर समान व्यारेक हाम्रो, परेड ग्राउण्ड नै खेती
देश, जनताको सेवा नै हामी सेनाको सन्तुष्टि ॥

तालिम, सीप सिक्दै व्यस्त सँधै अभ्यासमा
असम्भव केही छैन भन्दै डट्छौ सत्प्रयासमा ॥

आकास झरोस,धर्ती फाटोस प्रतिकुल होओस समस्त
हट्न कहिल्यै जानेकै छैन हुँदैनौ कहिल्यै परास्त ॥

हिड्दै पाईला सँधै अगाडि, पछाडी हट्न जानेनौ
आफ्नै कला र सीपले लम्कियौ, खुट्टा कसैको तानेनौ ॥

धर्मप्रति निष्ठा छौ प्रसाद शिरमा कालीको
बैरीसँग नझुक्ने परम्परा छ हामी नेपालीको ॥

बाटो, घाटो, मन्दिर, पुल, इन्जिनियर हौ श्रृष्टि गर्छौं
श्रृष्टिसँगै परि आए संकटमा संहार गर्छौं ॥

हिमाल, पहाड के तराई विकास हामी फैलाउँछौ
वीर नेपाली सेना हौ अमर इतिहास बनाउँछौ ॥

## यथार्थको युद्ध

*हुद्दा अर्जुन बहादुर कार्की*
*श्री विशेष सुरक्षा बल, नारायणहिटी*

कर्मठ योद्धा सिपाही हुँ शिर झुकाउन कहिल्यै जान्दिन
वरु प्राण किन नजाओस स्वार्थमा कहिल्यै बाँच्दिन ।
यो शरीर ढलेपनि हजारौ शिर उठ्छन् यस धर्तिका लागि
जंगी निशान शान मेरो, बहादुर म सँधैं अगाडि ॥

विश्वका कयौं भयानक युद्धभूमि मा
पछि हट्न कहिल्यै जानेनौ बैरीसामुमा ।
हामी नरहे पनि हाम्रो नीति मर्न दिने छैन
बालेर संसारभरि सहासी दीप निम्न दिने छैन ॥

### लेख रचना आव्हान

यस सिपाही पाक्षिकमा तपाईंका लेख, रचना, कथा, कविता, चुट्किला, व्यङ्ग्यहरुलाई स्थान दिईनेहुँदा यहाँहरुबाट त्यस्ता लेखर चनाहरु प्रकाशनका लागि पठाउनु हुनको साथै सुझाव पठाउनु हुन समेत अनुरोध ।

**लेख रचना पठाउने ठेगाना:**
**सिपाही पाक्षिक पत्रिका**
**श्री सैनिक जनसम्पर्क निर्देशनालय,**
**प्रचार प्रसार शाखा, जङ्गी अड्डा ।**
**ईमेल ठेगाना :**
sipahipatrika@gmail.com

लेख रचनाहरु पठाउदा सकभर पासपोर्ट साईजको १ प्रति रङ्गीन फोटो समेत पठाईदिनुहुन अनुरोध ।

### ☺ ख्याल-ठट्टा ☺

*हलो- कहाँबाट बोल्नु भएको ?*
उत्तर - मुखबाट ।
*यो कहाँ पर्‍यो ?*
उत्तर - कानमा पर्‍यो ।
*सरी रङ्ग नम्बर फेरी हलो*
..........
उताबाट - कोदालो ।

### केहि विश्व प्रसिद्ध सैनिक उपाधि

| देश | सैनिक उपाधि |
|---|---|
| नेपाल | सेना सौभाग्य |
| भारत | परमवीर क्रस |
| जर्मनी | आइरन क्रस |
| वेल्जियम | मेलिटरी क्रस |
| जापान | अर्डर अफ दि राइजिड |
| संयुक्तराज्य अमेरिका | मेडल अफ अनर |
| ब्रिटेन | भिक्टोरिया क्रस |
| रुस | अफर अफ भिक्टरी |
| इटली | मेडल फर भेलर |

### थाहा पाई राखे राम्रो

- तीनवटा मुटु भएको जनावरको नाम अक्टोपस हो ।
- विश्वको सबैभन्दा सानो संविधान अमेरिकाको हो ।
- विश्वको सबैभन्दा ठूलो संविधान भारतको हो ।
- संविधान नै नभएको देश बेलायत हो ।
- VAT को पुरा रुप Value Added Tax हो ।

## म एक सिपाही

*हुद्दा लालबहादुर श्रेष्ठ, श्री गोरखनाथ गण, शिवपुरी ।*

म एक योद्धा सिपाही, रक्षक मेरो नाम,
परिआए राष्ट्र र जनताका खातिर अर्पन्छु आफ्नो ज्यान ।
रक्षा, सम्मान, कल्याण यहि सेना महामन्त्र
हरेक नेपालीको हृदयमा रहन्छु सदैव सर्वत्र ।
मातृभूमिको सेवक हुँ म लडी रहन्छु राष्ट्रको निम्ति
पूर्खाको सृष्टि जगेर्ना गरौ, यही छ मेरो लाख विन्ति ।
फलाउ फुलाउ उन्नत बनाउ शान्तिभूमि नेपाललाई
हामी सबै मिली सुन्दर बनाउ मातृभूमि नेपाललाई ।
कडा मेहेनत, परिश्रम र अनुशासनको अर्को नाम सिपाही हो,
यहि रहे अखण्ड रहिरहन्छ हाम्रो देश नेपाल यो ॥

खेलकुद

## बाहिनीपति ट्रफी २०६५ सम्पन्न

**श्री नं. १९ वाहिनी अड्डाः**

श्री नं. १९ वाहिनी अड्डामा गत चैत्र २४ गतेबाट सञ्चालन भएको **बाहिनीपति ट्रफी प्रतियोगिता**को गत चैत्र ३० गते वाहिनीपति सहायक रथी श्री भरत मल्लले एक समार ोहकाबीच समापन गर्नु भयो ।

सो प्रतियोगिता अन्तर्गत फुटवल खेलमा श्री चण्डीदल गण प्रथम, श्री नयाँ गोरख गण द्वितीय, भलिवलमा श्री नयाँ गोरख गण प्रथम र श्री सवुज गण द्वितीय हुन सफल भएका छन् भने बास्केटवलमा श्री श्रीनाथ गण प्रथम र श्री सवुज गण द्वितीय भएका थिए । विजयी टीमहरुलाई वाहिनीपति श्री मल्लले ट्रफी तथा उत्कृष्ट खेलाडीहरुलाई मेडल र प्रमाण पत्र प्रदान गर्नुभएको थियो ।

सो वाहिनी अड्डा अन्तर्गत रहेको गण/गुल्महरुको सहभागितामा आयोजना गरिएको उक्त प्रतियोगिता पश्चात् उत्कृष्ट खेलाडीहरु छनौट गरी एउटा वाहिनी टीम निर्माण गरेर निकट भविष्यमा श्री मध्य पश्चिम पृतनामा सञ्चालन हुने पृतनापति ट्रफीमा सहभागिता जनाउने सो वाहिनीले जानकारी दिएको छ ।

खेल समापनको अन्तिम दिन गत चैत्र ३१ गते सकलदर्जाकोसाथै आमन्त्रित अतिथिहरुको उपस्थितिमा जवान वर्ष २०६५ को अवसरमा विविध साँस्कृतिक कार्यक्रहरुको समेत आयोजना गरिएको थियो ।

## खेलकुद सामग्री प्रदान

श्री भवानीदल गणले स्थानीय श्री माई भगवती जनसेवा क्लवलाई खेलकुद सामग्री प्रदान गरेको छ ।

सो गणको माईखोलास्थित राजदुवाली सामूहिक तालिम इलाकाका स्थानीय जनताहरुसँग रहँदै आएको सुमधुर सम्बन्धलाई अफ प्रगाढ बनाउन सो गणकोतर्फबाट गणपति प्रमुख सेनानी श्री अरुणजङ्ग थापाले यही बैशाख ६ गते उक्त क्लवलाई फुटवल, भलिवल र भलिवलको जाली प्रदान गर्नुभएको हो ।

## बार्षिकोत्सव

**श्री भवानी बक्स गण**

श्री भवानी बक्स गणले यही बैशाख १ गते आफ्नो स्थापनाको २२५ औं बार्षिकोत्सव विभिन्न खेलकुद प्रतियोगिता तथा साँस्कृतिक कार्यक्रमको आयोजना गरि भव्यताकासाथ मनाएको छ ।

बार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएको खेलकुद तथा अन्य विभिन्न प्रतियोगिताहरुमा विजयी हुने सकलदर्जालाई सो गणका गणपति प्रमुख सेनानी श्री मदन कुमार के.सी.ले पुरस्कार प्रदान गर्नुकासाथै जवान वर्ष २०६५ को उपलक्ष्यमा सर्वोत्कृष्ट हुने गु.का.हु. रामनाथ चौधरीलाई विशेष पुरस्कार प्रदान गर्नुभएको थियो ।

सो गणले बार्षिकोत्सवको अवसरमा आयोजित साँस्कृतिक कार्यक्रममा दैलेख जिल्लास्थित भुतवूर्व सैनिक, तिनका परिवार, गणका सकलदर्जाका परिवारजनहरुलाई समेत आमन्त्रण गरेको थियो ।

वि.सं १८४१ सालमा मिलिसिया कम्पनीबाट स्थापना भएको श्री भवानी बक्स गण वि.सं. २०६० साल बैशाख ६ गते गणमा परिणत भएदेखि हालसम्म दैलेख जिल्लामा तैनाथ रहेको छ ।

**श्री कालीदत्त गुल्म**

यही बैशाख १ गते श्री नं. १९ वाहिनी अड्डा हाताभित्र तैनाथ रहेको श्री कालीदत्त गुल्मले विभिन्न खेलकुद प्रतियोगिताहरुको आयोजना गरी आफ्नो स्थापनाको नवौं वार्षिकोत्सव मनायो ।

वार्षिकोत्स्वको अवसरमा आयोजित खेलकुद प्रतियोगिताहरुमा विजयी हुने खेलाडी तथा टिमहरुलाई नं. १९ वाहिनीपति सहायक रथी श्री भरत मल्लले एक कार्यक्रमकाबीच पुरस्कृत गर्नु भएको थियो ।

**रामेछापमा वीरगति प्राप्त गर्ने श्रीजंग गण तथा रुद्रध्वज गणका जवानहरु**

| क.नं | दर्जा | नाम थर | वतन |
|---|---|---|---|
| १५७३४४ | हु. | छत्र बहादुर वस्नेत | रस्नालु, रामेछाप |
| १८२६९५ | अम | सोम ब. न्यौपाने | भोले ७ रसुवा |
| १७८२९२ | प्युठ | जय राम के.सी | सूडाल भक्तपुर |
| १८२७१६ | प्युठ | प्रकाश अधिकारी | बागेश्वरी भक्तपुर |
| १९३२७८ | प्युठ | धन बहादुर विष्ट | नौवस्ती बाँके |
| १६५०८१ | प्युठ | पूर्ण बहादुर तामाङ्ग | लोंखिम सोलुखुम्वु |
| २०७६८१ | सि. | ओमकार वस्नेत | मागस्थान महोत्तरी |
| २०९६८६ | सि. | युवराज गिरी | सपिङ्ग ३ काभ्रे |
| २१६९३४ | सि. | सन्तोष सूनार | हेटौडा मकवानपुर |
| २१८४८४ | सि. | इन्द्र ब. बम | चूडा मकवानपुर |
| २१९२९१ | सि. | सन्तोष महत | नङ्खेल भक्तपुर |
| २१७३३८ | सि. | निर बहादुर खड्का | नामाडी रामेछाप |
| २२७४८३ | सि. | रामशरण कार्की (रुद्रध्वज गणमा काजमा रहेको) | घ्याङ्ग सुकाअकर दोलखा |

# तालिम

## संग्रहालय व्यवस्थापन तालिम सम्पन्न

श्री सैनिक संग्रहालय छाउनीमा सञ्चालित सि.सं. ३ संग्रहालय व्यवस्थापन तालिमको गत चैत्र ३० गते सैनिक संग्रहालय प्रमुख, प्रमुख सेनानी डा. श्री प्रेमसिंह बस्न्यातले एक कार्यक्रमकाबीच समापन गर्नुभयो ।

उक्त कार्यक्रममा नारायणहिटी दरवार संग्रहालयका प्रमुख श्री जयराम महर्जन र राष्ट्रिय संग्रहालयका प्रमुख श्री भेष नारायण दाहालले तालिमको महत्व र उपयोगिताबारे मन्तव्य दिनुभएको थियो । साथै श्री शिक्षण पक्षका शिक्षाधिकृत प्रमुख सेनानी श्री उज्वल्ल नरसिंह राणाले तालिममा प्रथम हुने सैनिक प्रहरी गणका उप-सेनानी महालक्ष्मी थापालाई सिल्ड प्रदान गर्नुभएको थियो ।

उक्त तालिममा सैनिकतर्फका अधिकृत, पदिक तथा अन्यदर्जागरी २३ जना र नारायणहिटी संग्रहालयका निजामति कर्मचारी ५ जना समेत जम्मा २८ जना शिक्षार्थी रहेका थिए ।

## विविध तालिम

### सैनिक शिक्षालयः

गत चैत्र २३ गते श्री सुवेदीले सो शिक्षालयमा सञ्चालन भएको सि.सं ४१ युवक अधिकृत तालिम (पी.सी.बी.सी खण्ड) को एक कार्यक्रमकाबीच समापन गर्नुभयो । उक्त तालिममा ७० जना शिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

उहाँले नै गत चैत ३० गते सि. सं. ४२ युवक अधिकृत तालिम (पी.सी.बी.सी.खण्ड)को तालिम प्रथम प्रवचन र सि.सं. १ Train The Trainer-Platoon Weapons Course को अन्तिम प्रवचन दिनुभएको थियो ।

भक्तपुरस्थित श्री सैनिक शिक्षालयमा यही बैशाख ६ गतेबाट शुरु भएको सि.सं ६ जेष्ठ पदिक क्याडर तालिम र सि.सं २ विल्लादार क्याडर ग्रेड २ को सो शिक्षालयका शिक्षाधिकृत महासेनानी श्री देव कुमार सुवेदीले एक कार्यक्रमकाबीच तालिमको शुभारम्भ गर्नुभयो ।

### उच्च शिखर शिक्षालय

उच्च शिखर शिक्षालयमा सञ्चालन भएको सि.सं. ३७ माउण्टेन वारफेर एक्लमटाईजेसन तालिमको यही बैशाख २ गते शिक्षाधिकृत प्र.से. श्री नविन बस्नेतले प्रथम प्रवचन दिनु भइ तालिम सुभारम्भ गर्नु भयो । उक्त तालिममा अधिकृत १५, पदिक १ र अन्यदर्जा १०८ समेत १२४ जना सहभागी छन् ।

### सैनिक समाचार शिक्षालय

सैनिक समाचार शिक्षालयमा सञ्चालन भएको सि.सं. ४ अधिकृत/पदिक/अन्यदर्जा सोधपुछ तथा सर्भिलेन्स तालिमको शिक्षाधिकृत प्रमुख सेनानी श्री विजय थापाले यही बैशाख २ गते प्रथम प्रवचन गर्नुभयो । उक्त तालिममा अधिकृत १० पदिक ५ अन्यदर्जा २१ गरी ३६ जना सहभागी र हेका छन् ।

### सैनिक बन्दोवस्ती शिक्षालय

छाउनीस्थित श्री सैनिक बन्दोवस्ती शिक्षालयमा सञ्चालन भएको सि.सं. १४ पदिक तथा विल्लादार प्रवन्ध तालिमको गत चैत्र २७ गते सोही शिक्षालयका शिक्षाधिकृत प्रमुख सेनानी श्री ज्योतिन्द्र वहादुर खत्रीले प्रथम प्रवचन दिनुभई तालिमको शुभारम्भ गर्नुभयो । उक्त तालिममा ३० जना शिक्षार्थीहरुको सहभागिता रहेको छ ।

### नं. २ वाहिनी अड्डा

धनकुटा हिलेस्थित श्री नं.२ वाहिनी अड्डामा यहि बैशाख ३ गतेबाट संचालन गरिएको सि.सं.७ विल्लादार क्याडर ग्रेड-१ र सि.सं. ६ विल्लादार क्याडर ग्रेड-२ तालिमको वाहिनीपति सहायकरथी श्री बिजयकुमार शाहीले एक कार्यक्रमका बिच प्रथम प्रवचन गर्नु भई तालिमको शुभारम्भ गर्नु भयो । उक्त दुबै तालिमहरुमा नं २ बाहिनी अड्डा अन्तर्गतका बिभिन्न युनिटहरुबाट ४०/४० जना पदिक तथा बिल्लादार शिक्षार्थीहरु सम्मिलित रहेका छन ।

यस्तै सोही बाहिनीमा सञ्चालन भएको सि.सं ६ विल्लादार क्याडर १ र सि.सं ५३ सेकेण्ड क्लास तालिमको सो बहिनीका निमित्त बाहिनीपति महासेनानी श्री धिरेन गुरुङले एक कार्यक्रमकाबीच तालिमको समापन गर्नुभयो ।

### नं. ६ वाहिनी अड्डा

श्री नं ६ बाहिनी अड्डामा यही बैशाख २ गतेबाट सञ्चालन भएको सि सं २२ विल्लादार ग्रेड २ तालिमको सोहि बाहिनीका बाहिनीपति सहायक रथी श्री पदम बिलास कार्कीले एक कार्यक्रमकाबीच प्रथम प्रवचन दिनुभई तालिमको शुभारम्भ गर्नुभयो । उक्त तालिममा ३५ जना शिक्षार्थी संख्या रहेका छन् ।

### श्रीनाथ गणः

श्री श्रीनाथ गणमा यही बैशाख २ गतेबाट सञ्चालन एको सि.सं ६ अर्वान काउन्टर ईर्न्सजेन्सी तालिमको सो गणका गणपति प्रमुख सेनानी श्री शेरसिंह विष्टले तालिमको शुभारम्भ गर्नुभयो । उक्त तालिममा ४० जना शिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

### सैनिक प्रहरी गण

जङ्गी अड्डास्थित श्री सैनिक प्रहरी गणमा सञ्चालन भएको सि.सं.४१ सैनिक प्रहरी आधार तालिमको यही चैत १६ गते उक्त गणका निमित्त गणपति सेनानी श्री [illegible]ले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन दिनुभयो ।

## राष्ट्रपति रात्री भोजमा सरिक

राष्ट्रपति एवं नेपाली सेनाका परमाधिपति डा.श्री रामवरण यादव नेपाली सेनाद्वारा नवबर्ष २०६६ को उपलक्ष्यमा यही बैशाख १ गते साउँझ जङ्गी अड्डामा आयोजित रात्री भोजमा सरिक हुनु भयो ।


सम्माननीय राष्ट्रपति डा. श्री रामवरण यादव नव वर्षको उपलक्ष्यमा जङ्गी अड्डाद्वारा आयोजित शुभकामना आदनप्रदान तथा रात्रीभोजका अवसरमा त्रिभुवन आर्मी अफिसर्स क्लबमा नेपाली सेनाद्वारा अर्पित सलामी ग्रहण गर्नु हुँदै ।

राष्ट्रपति डा. श्री रामवरण यादवलाई प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवाल तथा रथीवृन्दहरुले हार्दिक स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा प्रधान मन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत मन्त्रीगणहरु, नेपालस्थित विदेशी कुटनैतिक नियोगका प्रमुखहरु, अन्य सुरक्षा निकायका प्रमुखहरु, सञ्चारकर्मीहरु तथा अन्य गन्यमान्य महानुभावहरुको उपस्थिति रहेको थियो ।

नव वर्षको उपलक्ष्यमा जङ्गी अड्डाथित त्रिभुवन आर्मी अफिसर्स क्लवमा वर्षेनी राष्ट्राध्यक्ष लगायत मन्त्रीगण, राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्वहरुलाई आमन्त्रणगरि शुभकामना आदान-प्रदान गर्ने परम्परा रहिआएको छ ।

## पृतनापति सम्मेलन

गत चैत्र ३० गतेबाट ३१ गतेसम्म जङ्गी अड्डास्थित त्रिभुवन आर्मी अफिसर्स क्लवमा पृतनापति सम्मेलन सम्पन्न भयो ।

विगतमा झैं यसपल्ट पनि नियमितरुपमा सम्पन्न भएको उक्त सम्मेलनमा पृतनापतिहरुले आ-आफ्नो पृतनाका जिम्मेवारी क्षेत्रका पेशागत तथा व्यवहारिक समस्याहरुका बारेमा छलफल गर्नुभएको थियो ।


पृतनापति सम्मेलन ।

## श्री जंबरजंग गणको वार्षिकोत्सव


जंबरजंग गणको बार्षिकोत्सवको उपलक्ष्यमा आयोजित खेलकुद ।

श्री जबरजंग गणले आफ्नो स्थापनाको २१९ औं बार्षिकोत्सवको अवसरमा विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना गरेको छ ।

यही बैशाख ९ गतेबाट शुरु भएको अन्तरगुल्म खेलकुद प्रतियोगिताहरुमा फुटवल, भलिवल, बास्केटबल, एथ्लेटिक्स, तानडोरी लगायतका प्रतिस्पर्धाहरु समावेश गरिएको छ । यही बैशाख १६ गतेसम्म आयोजना हुने सो प्रतियोगिताको शुभारम्भ गर्नुहुँदै सो गणका गणपति प्रमुख सेनानी श्री बालकृष्ण खड्काले यस किसिमको प्रतियोगिताले जवानहरुमा लुकेर रहेको प्रतिभा प्रस्फुटनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

युनिटबाट परिचालित उद्धार टोलीका १३ जना सैनिकहरुको अचानक विपरित दिशाबाट आएको आगोको लपेटामा परी असामयिक देहवासन भएको छ ।

ठूलो बेगकासाथ हावा चलिरहेको र आगाको चाप जिल्ला अस्पताल लगायत बजारको मानवबस्तीतर्फ बढेकोले संभावित धनजनको क्षतिलाई नियन्त्रण गर्न घटनास्थलमा तत्काल नेपाली सेना परिचालन भएको थियो । अत्यन्त प्रतिकुल वातावरणमा पनि कर्तव्यपरायण रहि कत्ति पनि विचलित नबनी ठूलो पराक्रम र साहसका साथ जनताको जिउधनको सम्भावित क्षतिलाई जोगाउन उहाँहरुले आफ्नो प्राणोत्सर्ग गर्नुभयो ।

कर्तव्यपालनाको सिलसिलामा वीरगति प्राप्त गर्नु भएका सम्पूर्ण वीर सैनिकहरुको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि नेपाली सेना श्री परमेश्वरसँग प्रार्थना गर्दछ ।

उक्त दुखद घटनापछि रक्षा मन्त्री श्री राम बहादुर थापा, रक्षा सचिव डा. श्री गणेश राज जोशी, व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री गौरव शम्सेर ज.व.रा.ले सोही दिन घटनास्थलको निरीक्षण गर्नुभयो ।

यसैगरी यही वैशाख ११ गते श्री मध्य पृतनाका पृतनापति उपरथी श्री नेत्र बहादुर थापा, श्री नं ९ बाहिनीपति सहायक रथी श्री सुन्दर पुडासैनीले घटनास्थलको निरीक्षण गर्नुभयो । निरीक्षण पश्चात पृतनापति श्री थापाले गण हे.क्वा. जानुभई सो घटनामा परि वीरगति प्राप्त गर्नुहुने वीर सैनिकहरुप्रति समवेदना प्रकट गर्नुभयो । साथै उहाँले गणका सकल दर्जालाई सम्वोधन गर्नुहुदै भविष्यमा हुन सक्ने यस्ता घटनाप्रति सजग र सतर्क रहन तथा सो घटनामा प्राण उत्सर्ग गर्ने वीर जवानहरुको सम्झना तथा सम्मानमा श्री मध्य पृतना र नं ९ बाहिनीको आर्थिक सहयोगमा वीर स्मारिका निर्माण गर्न समेत निर्देशन दिनुभयो ।

### वीरगति प्राप्त सैनिकहरुलाई अन्तिम सम्मान

यही बैशाख १० गते रामेछाप जिल्लाको श्रीखान डाँडाको आगलागीमा परी वीरगति प्राप्त वीर सैनिकहरुको मध्य ८ जनाको यही वैशाख ११ गते प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवाल लगायत रथीवृन्दहरुको उपस्थितिमा पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार सम्पन्न भएको छ । वाँकी ५ जना वीर सैनिकहरुको शव भने आफन्तहरुले बुझि उहाँहरुबाटनै दाहसंस्कार गरिएको छ ।


वीरगति प्राप्त सैनिकहरुलाई पशुपति आर्यघाटमा अन्तिम सम्मान अर्पण गरिदै ।

## श्री पशुपति प्रसाद गणको बार्षिकोत्सव सम्पन्न

प्रधान सेनापति महारथी श्री रुकमाङ्गद कटवालको प्रमुख आतिथ्यमा गत चैत्र २९ गते श्री पशुपति प्रसाद गणले आफ्नो स्थापनाको ९४ औं बार्षिकोत्सव मनायो ।

उक्त अवसरमा सो गणको कर्णेल कमाण्डान्ट समेत रहनुभएका प्रधान सेनापति श्री कटवालले वार्षिकोत्सव व्यानर अनावरण गरी सर्वोत्कृष्ट बर्ष जवान प्युठ राजकुमार गुरुङ्ग, बर्षको उत्कृष्ट फष्टमेन सि. शितलसिंह खाम्चा मगर लगायत राफल चिठ्ठाको पुरस्कार विजेता विभिन्न दर्जाका सैनिकहरुलाई उपहार तथा पुरस्कार वितरण गर्नु भएको थियो भने हुद्दा हिरामणी अधिकारीलाई श्री पशुपति प्रसाद गण (शा.से.) ४४ औं डफ्फाबाट सहयोगस्वरुप प्राप्त नगद रकम प्रदान गर्नु भएको थियो । निज अधिकारीलाई किन सहयोग गरेको हो खुलेन ?


बार्षिकोत्सवको उपलक्ष्यमा निशान सलामी अर्पण गर्दै गणपति ।

यसैगरी सो अवसरमा गणपति प्र.से. श्री भक्तबहादुर कार्कीबाट प्रधान सेनापतिसमक्ष गर्नु भएको टोस्ट प्रस्ताव स्वीकार्नु हुँदै प्रधान सेनापति श्री कटवालले गणको आदर्श वाक्यको महत्व र सान्दर्भिकतामाथि प्रकाश पार्दै गणको उत्तरोत्तर प्रगतिको कामना गर्नु भएको थियो । उहाँले उपस्थित सबै पाहुनाहरुसँग परिचय तथा अन्तरक्रिया गर्नुकासाथै जवान भान्छाको निरीक्षण पश्चात वार्षिकोत्सवको केक काट्नु भएको थियो । सोही दिन बिहान गणपति प्र.से. श्री भक्तबहादुर कार्कीबाट निशान भगवतीको पूजा अर्चना गरी झण्डोत्तोलन गरिएको थियो ।

"वीरता धर्म कर्म हो" भन्ने आदर्श वाक्य भएको सो गणको बार्षिकोत्सव कार्यक्रममा रथीवृन्द, सैनिक अधिकृतहरु तथा गणका सकलदर्जा र उहाँहरुको परिवारजनको समेतको उपस्थिति रहेको थियो ।

स्मरण रहोस् उक्त गण स्व. राजा त्रिभुवन वीर विक्रम शाहको राज्यकालमा वि.सं. १९७२ साल चैत्र २९ गते खडा भएको थियो ।

मुद्रण: श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, छापाखाना शाखा । कलर स्क्यानिङ्ग : डिजीटेक, पुलचोक । सम्पादन सहयोगी : प्रा.जम. विनोद अधिकारी । ले-आउट : सुनिल सिवाकोटी